news24 दैनिक

वर्ष १३ अंक ०९ राष्ट्रिय दैनिक | २९ साउन २०८२, बिहीबार भदौ कृष्ण षष्ठी | नेपाल संवत् ११४५ | Thursday 14 August 2025 | www.news24dainik.com | पृष्ठ ८ | मूल्य १० रुपैयाँ




केरुङमा अलपत्र परेर बुधबार तातोपानी आइपुगेका नेपाली । विभिन्न कामविशेषले चीन गएकाहरु गत असार २५ मा भोटेकोशी बाढीले मितेरी पुल बगाएपछि पारि अलपत्र थिए । केरुङमा रहेका १८१ जनालाई नेलाम हुँदै सिन्धुपाल्चोकको तातोपानी नाका ल्याइएको हो । (समाचार पृष्ठ ३ मा) *तस्बिर : दीपक खत्री*

संघीय राजधानीमा वित्तीय कसुरका मुद्दा बढ्दा प्रहरी हैरान

# आर्थिक अपराधको ग्राफ उच्च

- तरलता संकट, ऋणचुक्तामा समस्याले बढायो बैंकिङ कसुर
- चेक बाउन्स, फर्जी कागजात, अवैध व्यापारमा वृद्धि तीव्र
- एसपी नै भन्छन् – लेनदेन कारोबार गर्दा होस पुर्‍याउनुस्

news24
**काठमाडौं, साउन २८**

- निर्माण व्यवसायी मोहनबहादुर खत्री चेक अनादर कसुरमा नवलपरासीबाट पक्राउ परे । उदयपुरको त्रियुगा-७ घर भई काठमाडौं बस्ने खत्रीले खोटाङका युवराज बस्नेतलाई ४ लाख २० हजार रूपैयाँको चेक दिएका थिए, साट्न जाँदा बैंकखातामा त्यति पैसा थिएन । बस्नेतको जाहेरीको आधारमा २०८० माघ तेस्रो साता पक्राउ गरिएका खत्रीलाई प्रहरीले खोटाङ पुर्‍यायो ।
- जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपक गौतम गत चैत तेस्रो साता चेक बाउन्सको कसुरमा काठमाडौंमा पक्राउ परे । उनीविरुद्ध जिल्ला प्रहरी कार्यालय काभ्रेमा पनि उजुरी परेको थियो । पक्राउको भोलिपल्ट उनी मिलापत्र गरेर छुटे ।
- गत असारमा तीन जनालाई फरार भन्दै प्रहरीले उपत्यकाको विभिन्न स्थानबाट पक्राउ गर्‍यो । पक्राउ परेकाहरू थिए बुढानीलकण्ठकी ४५ वर्षीया मुना खातुन श्रेष्ठ, भारत कोलकाताका ३८ वर्षीय मोहमद अली र सर्लाही ईश्वरपुरका ६५ वर्षीय अर्जुन थापा । मुनामाथि १६ लाख, अलीमाथि ११ लाख र थापामाथि १२ लाख ५० हजार बराबरको बैंकिङ कसुर र चेक अनादर मुद्दा थियो ।
- बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी ललितपुरको महालक्ष्मी-४ इमाडोल बस्ने धरान-८ का ३८ वर्षीय प्रदेशविक्रम थाम्सुहाङलाई गत सोमबार प्रहरीले पक्राउ गरेर विराटनगर पठाएको छ । उक्त मुद्दामा जिल्ला अदालत मोरङबाट पक्राउ पुर्जी जारी भएका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको टोलीले थापाथलीबाट पक्राउ गरेको थियो ।

बैंकिङ कसुरका धरपकडमा यी प्रतिनिधि घटना हुन् । पक्राउ पर्नेमा वभिन्न पेसा व्यवसायीसँगै शेयरबजारका चर्चित कारोबारी पनि परेका छन् । बैंकिङ कसुरका उजुरी दिनहुँ देशभरका प्रहरी कार्यालयहरूमा पर्छन् । मुद्दा अदालतमा पुग्छ । हरेक दिन गोरखापत्रले छाप्ने अदालती सूचनामा प्रमुख बैंकिङ कसुरमा मुद्दा नै छन् । पैसा पाउनुपर्ने व्यक्तिले जब कसैबाट चेक काटेर पैसा झिक्नु भनिएको खातामा रकम नभई बैंकबाट रित्तो हात फर्किनुपर्छ, ऊ सोझै उजुरी दिन पुग्छ र, चेक काट्नेमाथि बैंकिङ कसुरमा कार्बाही अघि बढ्छ ।


यो आर्थिक अपराधका घटना बढेसँगै संघीय राजधानीमा प्रहरीका लागि चुनौती बढेको छ । आर्थिक अपराध उजुरी हेर्न छुट्टै इकाइ चाहिने बेला भइसकेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार आर्थिक वर्ष २०८१/८२ को गतिविधि सार्वजनिक गर्दा एसपी विश्व अधिकारीले सर्वसाधारणलाई सतर्क गराउन सञ्चारकर्मीसँग भने 'पैसा भन्ने कुरा आउनेवित्तिकै धेरै सतर्क रहनुहोला । ३/४ पटक विचार नगरी भुक्तानीको कारोबार नगर्नु होला ।'

उनले सतर्क गराएको तथ्यलाई परिसरले सार्वजनिक गरेको तथ्यांकले पुष्टि गर्छ । गत आव काठमाडौंमा मात्रै बैंकिङ कसुरका ६ हजार ५ सय ५३ उजुरी प्रहरीमा आएका छन् । तिनमा धेरैजसो मुद्दा अदालत पुगेका छन् ।

अघिल्लो आर्थिक वर्ष यस्तो कसुरका उजुरी ५ हजार ७ सय १ वटा उजुरी दर्ता भएको तथ्यांक छ ।

परम्परागत अपराधका घटनाहरू यथावत रहँदा पछिल्लो समय आर्थिक र साइबर अपराध प्रमुख सुरक्षा चुनौतीको रूपमा देखा परेको प्रहरीले सार्वजनिक गरेको प्रतिवेदनले देखाएको छ । आर्थिक वर्ष २०८१/८२ मा काठमाडौंमा १२ हजार ९ सय १५ वटा अपराधका घटना दर्ता भएका छन् । दर्ता भएका मुद्दामध्ये प्रमुख १० प्रकृतिका अपराधले कुल घटनाको ८९.२२ प्रतिशत हिस्सा ओगटेका छन् । प्रहरीका अनुसार यस अवधिमा दैनिक औसतमा ३५ वटा मुद्दा दर्ता हुने भएका छन् ।

सबैभन्दा धेरै दर्ता भएका १० प्रमुख अपराधहरूमा बैंकिङ कसुर पहिलो नम्बरमा छ । अन्य अपराधमा अभद्र व्यवहार, चोरी, ठगी, लागुऔषध, आत्महत्या, ज्यान मार्ने उद्योग, जबर्जस्ती करणी, सवारी ज्यान, र सवारी अंगभंगका छन् । आर्थिक र प्रविधिमा आधारित अपराधहरू तीव्र गतिमा बढेको प्रतिवेदनले देखाएको छ । चेक अनादरका उजुरीको संख्या प्रहरीमा धेरै छ । पछिल्लो समय बैंकिङ कसुर, लघुवित्त तथा सहकारी ठगी, अनुचित लेनदेन (मिटरब्याज), हुण्डी, राजस्व अपचलन र वैदेशिक रोजगारमा हुने ठगीजस्ता वित्तीय अपराधहरू बढेको प्रतिवेदनमा छ । *बाँकी पृष्ठ २ मा...*






एसपी विश्व अधिकारी

**'पैसा भन्ने कुरा आउनेवित्तिकै धेरै सतर्क रहनुहोला । ३/४ पटक विचार नगरी भुक्तानीको कारोबार नगर्नु होला ।'**

## चेक बाउन्सले बढायो धरपकड

चेक बाउन्सले देशभर बैंकिङ कसुरका मुद्दाको चाप उच्च बनाएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/८० मा बैंकिङ कसुरका मुद्दा तीव्र रूपमा बढ्दै १२ हजार ५२ पुगे, जुन अघिल्लो वर्षको ५ हजार ३ सय ८३ भन्दा करिब २.२ गुणा बढी थियो ।

आव २०८०/८१ मा बैंकिङ कसुरका मुद्दाहरू १३ हजार २ सय ६३ पुगे, जसमा चेक बाउन्सका मात्रै ७ हजार १ सय ५३ मुद्दा थिए । यस अवधिमा मुद्दाहरूको बिगो रकम ७ अर्ब ६ करोड रुपैयाँ कायम भएको थियो भने १ हजार ३ सय ७९ जनालाई पक्राउ गरिएको तथ्यांक छ । विशेषगरी काठमाडौं उपत्यकामा बैंकिङ अपराध बढी देखिएको छ, जहाँ मात्र १७ हजार ४५ वटा आर्थिक अपराध दर्ता भएका छन् । तिनमा चेक बाउन्स प्रमुख कारक छन् । उच्च आर्थिक मन्दी, उधारो चेक लिमिट बिना उजुरी, र डिजिटल ठगीका गतिविधिहरूलाई प्रमुख कारण मानेर प्रहरीलाई धरपकड र अनुसन्धानमा गाह्रो पर्दै आएको छ ।

## यो अंकमा



**अमेरिकी कर युद्ध र नेपालको अवसर**
*गत आर्थिक वर्ष निर्यात ८० प्रतिशतले बढेकोमा सरकारले गर्व गरेको छ तर त्यो दिगो हो कि होइन भन्ने कुराको विश्लेषण गर्नुपर्ने देखिन्छ ।*
*(सौरभ लुईंटेलको विचार)*

- **घूसको रकमसहित पक्राउ भक्तपुरका मालपोत प्रमुखविरुद्ध मुद्दा**
- **अदालतले छाड्न आदेश गरेका चक्रे मिलन ज्यान मुद्दामा पक्राउ**
- **भैरहवा सेजका उद्योगबाट साढे चार अर्बको निर्यात**
- **झुम्का कारागारको २० फिटे पर्खाल नाघेर कैदी फरार**

## नाउपाको अध्यक्ष रञ्जिता नै

काठमाडौं (संवाददाता)- निर्वाचन आयोगले नागरिक उन्मुक्ति पार्टी (नाउपा) को अध्यक्ष रञ्जिता श्रेष्ठ नै रहेको निर्णय गरेको छ । मंगलबार बसेको आयोगको बैठकले लालबीर चौधरीको नेतृत्वमा नयाँ पदाधिकारी सहितको विवरण आए पनि प्रक्रिया नपुगेको भन्दै पुरानै पदाधिकारीलाई निरन्तरता दिएको हो । चौधरीले साउन १४ र १५ गते काठमाडौंमा राष्ट्रिय भेला गरेर रञ्जितालाई अध्यक्षबाट बर्खास्त गरेका थिए । सो भेलाले चौधरीलाई नै अध्यक्ष घोषणा गरेको थियो । त्यसपछि अध्यक्ष परिवर्तन भएको पत्र आयोगमा पठाएको थियो । *बाँकी पृष्ठ २ मा...*

## उच्च अदालतका न्यायाधीश कार्यक्षेत्रमा

news24
**काठमाडौं, साउन २८**

उच्च अदालतका लागि नियुक्त २७ जना न्यायाधीशले बुधबार पद तथा गोपनीयताको सपथ लिएका छन् । उच्च अदालतमा रिक्त न्यायाधीश नियुक्तिका लागि न्याय परिषद्ले गत बिहीबार उनीहरूलाई सिफारिस गरेको थियो ।

उच्च अदालतका न्यायाधीश नियुक्त भएका न्यायाधीशलाई सर्वोच्च अदालतमा एक कार्यक्रमका बीच उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले पदको शपथ गराएका हुन् ।

बैठकले न्याय परिषद्का सचिव यमबहादुर बुढालाई पहिलो नम्बरमा सिफारिस गरेको थियो । कुल ५ जना न्याय सेवाका कर्मचारी उच्च अदालत न्यायाधीशमा सिफारिस भएका थिए । १६ जना जिल्ला न्यायाधीश र ६ जना कानुन व्यवसायी छन् । कर्मचारीमध्ये सरकारी वकिलबाट १, कानुन अधिकृतबाट १ र न्याय सेवा अधिकृतहरूबाट ३ जना सिफारिस भएका थिए ।

उच्च अदालतका लागि न्यायाधीशमा न्याय परिषद्का सचिव बुढामगरलाई उच्च अदालत सुर्खेत जुम्ला इजलास, धादिङ जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बाँस्तोलालाई उच्च अदालत पाटन, ओखलढुंगाका जिल्ला न्यायाधीश गिरिराज गौतमलाई उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास पठाइएको छ ।

गुल्मीका जिल्ला न्यायाधीश युवराज गौतमलाई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगा, दाङका जिल्ला न्यायाधीश तेजनारायण पौडेललाई उच्च अदालत तुलसीपुर बुटवल इजलास, पर्वतका जिल्ला न्यायाधीश प्रकाश ढुंगानालाई उच्च अदालत पाटन, उदयपुरका जिल्ला न्यायाधीश दीपककुमार खरेललाई उच्च अदालत पाटनमा पदस्थापन गरिएको हो ।

त्यसैगरी गोरखाका जिल्ला न्यायाधीश शिवबहादुर रानाभाटलाई उच्च अदालत पाटन, काठमाडौं जिल्ला न्यायाधीश कमलप्रसाद पोखरेललाई उच्च अदालत जनकपुर, भक्तपुरका जिल्ला न्यायाधीश वासुदेव न्यौपानेलाई उच्च अदालत पाटन, पाल्पाका जिल्ला न्यायाधीश दलबहादुर केसीलाई उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास, कपिलवस्तुका जिल्ला न्यायाधीश प्रकाशचन्द्र अधिकारीलाई उच्च अदालत दिपायल, चितवनका जिल्ला न्यायाधीश रमेशप्रसाद ज्ञवालीलाई उच्च अदालत पाटनमा पठाइएको छ । *बाँकी पृष्ठ २ मा...*



# कुकुरको मायाले 'पेट मम्मा'



नेपाल फोटो लाइब्रेरी

काठमाडौं। साना जीवप्रतिको माया कहिलेकाहीँ एउटा उद्देश्य बन्न जान्छ। निकिता जलानको जीवनमा पनि यस्तै भयो, जब उनले आफ्नै कुकुरलाई गुमाइन्। कुकुर उनलाई अति प्यारो थियो। धेरै दिन पीडा भयो। त्यो पीडा नै बन्न गयो एक मिसनको सुरुवात। त्यो मिसनको नाम हो– पेट मम्मा।

व्यक्तिगत अनुभवबाट व्यवसायको जन्म भएको हो। कोभिड महामारीको समय थियो। घरभित्र समय बिताइरहेकी निकिताले आफ्नो कुकुरको हेरचाह गर्दैगर्दा महसुस गरिन्, नेपालमा कुकुर र अन्य घरपालुवा जनावरका लागि आवश्यक सेवा, उत्पादन र स्याहारका आधारभूत चीजहरूको कमी छ। 'मैले बजारमा खोज्दा उचित शैम्पू थिएन, उपकरण थिएन, व्यावसायिक ग्रुमर थिएनन्। एउटा सामान्य कोठा र बेसिनमै कुकुर नुहाइँदै थियो,' उनले भनिन्।

त्यही अभाव देखेर, उनले निर्णय लिइन् - 'यो म आफैं गर्छु, सही तरिकाले गर्छु।'

२०२२ अप्रिलमा खुलेको 'पेट ममा' व्यावसायिक स्तरको ग्रुमिङ र पेट केयर सेन्टर हो। सुरुमा बजार अध्ययन गर्दा उनले देखिन्, नेपालमा यसअघि व्यावसायिक ग्रुमिङको परिभाषा नै थिएन। मान्छेहरू कुकुर बिरालोका लागि आफैंले चलाउने शैम्पू, ड्रायर, रेजर प्रयोग गर्थे। तर पेट ममाले मानक ल्यायो– पेसा अनुसार प्रशिक्षित स्टाफ, पशु-मैत्री उपकरण र सुरक्षित सेवा प्रक्रिया। 'पेट मम्मा नामको अर्थ कुकुर मेरो बच्चाजस्तै हो। एक आमाले जसरी आफ्ना छोराछोरीको हेरचाह गर्छिन्, म पनि त्यही चाहन्थेँ,' निकिता भन्छिन्। त्यसैले नाम राखियो - पेट मम्मा। उनीहरूको नारा नै छ - 'वन ममा फर अल पेट्स्।'

पेट मम्मामा कुकुर ल्याउँदा ग्राहकसँग विस्तृत जानकारी लिइन्छ। खाना, निद्रा, औषधि, डर वा व्यवहार, सबै कुरा। त्यसपछि मात्रै ग्रुमिङ वा होस्टेल सेवा सुरु हुन्छ। होस्टेलमा तीनपटकको खाना, ५-६ घण्टा खेल्ने समय, सुत्ने कोठा, र दिनचर्या अनुसारको सेवा दिइन्छ।

निकिताले केरला र दिल्लीबाट गरी दुई छुट्टाछुट्टै कोर्स गरिन् - एक कुकुरको व्यवहारबारे र अर्को ग्रुमिङबारे। त्यसपछि उनी नेपाल फर्किन्। 'धेरैले सीप सिकेर विदेश जान्छन्, तर मैले भने यही देशमा केही नयाँ सुरुवात गर्न चाहेँ,' उनी भन्छिन्।

उनले आफ्ना स्टाफहरूलाई ३-६ महिना तालिम दिइन्। अहिले टिममा २७ जना कर्मचारी छन् - ग्रुमर, होस्टेल स्टाफ, एकाउन्ट, सफाइ, व्यवस्थापन, मार्केटिङ सबै गरी। 'नेपालमा निरन्तरता र गुणस्तरमा कम उत्पादक छन्। त्यसैले धेरैजसो सामान हामी बाहिरबाट मगाउँछौं,' उनी भन्छिन्।

नेपालमा पशु-पाल्तु जन्तुका लागि विशेष होस्टेल, ट्रेनिङ, पूर्ण-प्रोफेसनल ग्रुमिङ, सफा उत्पादन, प्रशिक्षित स्टाफ र अन्तर्राष्ट्रिय स्तरको सेवा दिने व्यवसाय विरलै पाइन्छ। यस्ता सेवाहरू प्रदान गर्ने व्यवसाय अझै पनि सुरुआती चरणमै छन्। त्यसैले पनि पेट मम्मा जस्तो व्यवसायको उपस्थिति बजारमा निकै अर्थपूर्ण छ।

निकिताले सुरुआतदेखि नै क्वालिटीप्रति सम्झौता नगर्ने नीति अपनाइन्। 'कुकुर हो भनेर हामीले सस्तो सामान लगाउने भन्ने होइन,' उनी भन्छिन्, 'हामीले ग्राहकको कुकुर वा बिरालोप्रति त्यत्तिकै माया र ध्यान दिने प्रयास गर्छौं जति ऊ घरमा पाउँछ।' पेट मम्माका प्रायः सबै सामग्रीहरू आयातित छन्। पशुका छालाको संवेदनशीलता बुझेर छनोट गरिएका छन्।

ग्रुमिङका लागि प्रयोग हुने क्रीम, श्याम्पु, स्प्रे वा औजारहरू नियमित रूपमा अपडेट गरिन्छन्। धेरै ग्राहकहरू पेट मम्माका सर्भिस र सफाइप्रति विश्वस्त रहेको उनले बताइन्। उनका लागि पेट मम्मा अब व्यापार मात्र होइन, एउटा जिम्मेवार संस्था पनि हो जुन जनावरको हितको अवधारणा बोकेर अघि बढेको छ। यसले घरपालुवा जनावरको हेरचाहमा नयाँ मापदण्ड स्थापना गरेको छ। जब कुकुर वा बिरालो सफा, स्वस्थ र खुसी हुन्छ, त्यसको प्रभाव मालिकमा पनि सकारात्मक देखिन्छ।

*शब्द/तस्बिरः ममुन केसी*

# वनको काठ कुहिएर जान्छ, १८ अर्बको किनेर ल्याइन्छ

news24

**काठमाडौं, साउन २८**

मुलुकमा कानून देखाएर जंगलमा सुकेका काठ संकलन गर्न पाइँदैन। जंगलका काठ मात्रै होइन, खोलामा बग्दै आउने मुढा पनि सजिलै संकलन गर्न पाइँदैन।

हरेक वर्ष १८ अर्ब रुपैयाँको काठ नेपालमा आयात हुने गरेको भन्सार विभागको तथ्यांक छ। बुधबारको प्रतिनिधिसभा बैठकमा वन तथा वातावरण मन्त्री र सांसदबीच यही विषयमा सवालजवाफ भएको छ।

राप्ती नदीमा बगिरहेको काठ निकाल्नेहरूलाई त्यहाँको वन कार्यालयले समातेर कार्वाही गर्छ। ती समातिएका काठ फेरि नदीमै बगाइन्छ। ती काठहरू लक्ष्मण बाँधमा जम्मा हुन्छन्। जम्मा भएका काठ ३ करोडसम्म ठेक्का लाग्छ। सांसद सूर्यप्रसाद ढकालले सर्वसाधारणले त्यस्ता काठ उपयोग गर्न पाउने नीतिगत निर्णय गर्ने विषयमा वनमन्त्रीलाई प्रश्न गरे। 'हरियो वन नेपालको धन कुहिएर, सुकेर सकिएको छ,' उनले भने।

वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले ढलेका, सुकेका, कुहेका रुख खेर जाने र विदेशबाट रुख काठ खरिद हुने विषयमा मन्त्रालयले कार्यदल बनाएर अध्ययन गरिरहेको जानकारी गराए। भइरहेका रुखको उपयोग गर्ने, रुखमा आत्मनिर्भर गराउने, रोजगारी सिर्जना गर्नेगरी नीति बन्न लागेको उनले बताए।

सांसद ढकालले प्रश्न गरे, 'जंगलमा सुकेका र ढलेका काठ मात्र सदुपयोग गर्न सकेमा सरकारलाई अर्बौं राजस्व संकलन हुनसक्छ, मन्त्रालयको योजना के छ ?'

मन्त्री शाहीले आव २०८२/८३ को बजेट वक्तव्यको बुँदा नम्बर ११० उल्लेख गर्दै जवाफ दिए। बजेट वक्तव्यमा लेखिएका 'सुकेका तथा ढलापडा रुखलाई संकलन गरी प्रयोगमा ल्याइनेछ।'

नेपालको राष्ट्रिय वनको अधिकांश भाग समुदायमा आधारित वनमा छ। मन्त्रालयबाट दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड स्वीकृत भई कार्यान्वयनमा गइसकेको जानकारी गराए। आगामी वर्ष वन व्यवस्थापन गरी काठ, दाउरा उत्पादन गर्न अनुदानमार्फत १६ करोड ५२ लाख ८६ हजार रुपैयाँ प्रदेशमा पठाइएको बताए। साथै राष्ट्रिय वनबाट मात्र १ लाख ४ हजार ९०२ क्युफिटभन्दा बढी काठ उत्पादन र संकलन भएको दाबी गरे।

अर्का सांसद माधव सापकोटाले वन क्षेत्रले ढाकेको प्रतिशत र कार्बन उत्सर्जन घटाएर कार्बन सञ्चिति बढाएबापत कति रकम जम्मा भयो ? प्रश्न सोधेका थिए।

'देशमा उत्पादन हुने काठ कुहिएर जाने र नेपालले बर्सेनि अर्बौंको काठ आयात गर्ने चक्र कहिलेसम्म चल्ने हो ?,' उनको पनि सांसद ढकालकै जस्तो प्रश्न थियो।

मन्त्री शाहीले जवाफमा वन क्षेत्रको वृद्धि र कार्बन सञ्चितिमा उल्लेखनीय प्रगति भएको दाबी गरे। पछिल्लो तथ्यांकअनुसार, नेपालको कुल भूभागको करिब ४५.३१ प्रतिशत वन क्षेत्रले ओगटेको छ। सामुदायिक वन व्यवस्थापन, संरक्षित क्षेत्रहरू विस्तार, र राष्ट्रिय वन नीतिको प्रभावस्वरूप वन क्षेत्र वृद्धिमा सकारात्मक परिणाम देखिएको उनको भनाइ छ।

'सन् २०१८ देखि २०२४ सम्म तराई क्षेत्रका १३ जिल्लामा कार्यान्वयन भएको रिड कार्यक्रममार्फत १८ मिलियन टन कार्बन उत्सर्जन कटौती भएको छ,' मन्त्री शाहीले भने, 'प्रथम चरणमा विश्व बैंकबाट १० मिलियन अमेरिकी डलर प्राप्त हुने सुनिश्चित भएको छ।' रकमको बाँडफाँटका लागि वन व्यस्थापन गर्ने समुदाय तथा निकायले ८० प्रतिशत लाभ पाउने गरी लाभ वितरण योजना स्वीकृत भइसकेको जानकारी गराए।

'काठ, दाउराको उत्पादन बढाइ आन्तरिक आपूर्ति गर्न, काठजन्य वन पैदावारको बिक्री वितरणमा एकद्वार प्रणाली अवलम्बन गर्ने, जिल्ला वन पैदावार आपूर्ति समितिलाई सबल बनाउँदै काठ उपलब्धता सहज गराउने,' मन्त्री शाहीले भने, 'सबै वन पैदावारको सूचीकरणसहित विद्युतीय अभिलेख अनिवार्य राख्ने कानूनी तथा प्राविधिक व्यवस्था गर्ने, ई-टेन्डर प्रणाली लागू गर्ने, प्रदेश र स्थानीय सरकारमार्फत संकलनदेखि वितरणसम्मका कार्यहरू कार्यान्वयन गर्ने।'

दैनिक उपभोग्य काठ तथा वन पैदावारको आपूर्तिलाई सरल र सुलभ बनाउन हटाइने रुखहरूको खडा रूखकै रूपमा बिक्री वितरण गर्ने व्यवस्था गरिएको मन्त्रीले जवाफ दिएका थिए। गत आर्थिक वर्षको मूल्यमा हेर्दा १८ अर्ब रुपैयाँको आयात भएको देखिए पनि गोलिया काठको आयातको हिस्साभन्दा काठजन्य सामग्रीको आयातको हिस्सा अधिकतम रहेको उनले बताए। देशमै काठजन्य सामग्री उत्पादन गर्ने उद्योग खोल्न सके काठजन्य सामग्री आयात प्रतिस्थापन हुने उनको प्रष्टीकरण थियो।

# चक्रेलाई अदालतले छाड्यो प्रहरीले छाडेन

**काठमाडौं (संवाददाता)–** काठमाडौं जिल्ला अदालतले छाड्न आदेश गरेका चक्रे मिलन भन्ने मिलन गुरुङलाई प्रहरीले अर्को मुद्दामा पक्राउ गरेको छ। चक्रेसहित डेढ दर्जनविरुद्ध अदालतमा अभद्र व्यवहार मुद्दा थियो। जिल्ला सरकारी वकीलको कार्यालय काठमाडौंले चक्रेसहित १९ जनाविरुद्ध अभद्र व्यवहारमा मंगलबार मुद्दा दर्ता गरेको थियो। उक्त मुद्दामा अदालतले धरौटीमा छाड्ने आदेश गरेको थियो।

होहल्ला गर्दै बर्थडे पार्टी मनाएपछि पक्राउ परेका चक्रेमाथि अब अर्को मुद्दाको कार्बाही अघि बढ्ने भएको छ। जिल्ला न्यायाधीश खिमानन्द भुसालको इजलासमा भएको थुनछेक बहसपछि चक्रे मिलन र राजेश खड्काबाट मुलुकी अपराध संहिता २०७४ बमोजिम जनही ३० हजार रुपैयाँ धरौटी लिइ तारेखमा राख्न आदेश भएको थियो।

उनीसँगै पक्राउ परेका गणेशबहादुर बोगटी, डिल्लीराज कँडेल, रितिक लामालाई जनही २० हजार रुपैयाँ धरौटी लिइ तारेखमा छाड्ने आदेश गरेको थियो। पक्राउ परेका बाँकी १४ जना निराजन पौडेलसहितलाई जनही १० हजार रुपैयाँ धरौटीमा छोड्न आदेश गरेको हो।

धरौटी रकम बुझाएर उनीहरू थुनामुक्त भइसकेको काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठले बताइरहँदा प्रहरीले चक्रे मिलनलाई पुनः पक्राउ गरेको हो। उनी विरुद्ध भक्तपुरमा ज्यान मार्ने उद्योगको कसुरको मुद्दा भएको भन्दै त्यता पठाएको छ।

साउन १६ गते राति साढे १ बजे काठमाडौंको महाराजगञ्जस्थित एक होटलमा जन्मदिन मनाउने क्रममा वरपर हिँडिरहेका मानिसहरूलाई दुःख दिएको भन्दै जिल्ला अदालतमा अभद्र व्यवहार सम्बन्धी मुद्दा दर्ता भएको थियो। गाडी जथाभावी रोकी चिच्चाउने, अश्लील शब्द प्रयोग गरी कराउने, विभिन्न सार्वजनिक स्थानमा होहल्ला गरी केक काट्ने गरेको अभियोगपत्रमा छ।

**बयानमा भने – म एमाले कार्यकर्ता**

उनले आफू एमालेको गोर्खा जिल्लास्तरीय सदस्य भएको र पार्टीको विभिन्न कार्यक्रममा सहभागी रहेको बयान दिएका छन्। उनले सरकारी वकीललाई दिएको बयानमा आफू सामाजिक सेवा र विशेष कार्यक्रममा मात्रै हिड्ने गरेको बताएका छन्।

आफ्नो साउन महिनामा जन्मदिन पर्ने र साथीभाई धेरै भएकाले मन राख्न देशका विभिन्न ठाउँमा जन्मदिन मनाउँदै हिडेको बताएका छन्। 'काठमाडौं, पोखरा, बुटवल र अनय स्थानमा जन्मदिन मनाउँदै आइरहेको थिएँ,' उनले भनेका छन्। सार्वजनिक स्थानमा भेला भएर केक काट्नु र युवालाई भेला गरी जन्मदिन मनाउनु गल्ती भएको स्वीकारसमेत गरेका छन्।

## भक्तपुरका मालपोत प्रमुखविरुद्ध मुद्दा

**काठमाडौं (संवाददाता)–** घूस लिएको रकमसहित पक्राउ परेका भक्तपुर मालपोतका प्रमुख कुमार आचार्य र कार्यालय सहयोगी टीकाराम राउतविरुद्ध भ्रष्टाचार मुक्ता दायर भएको छ। उनीहरू घूसको रकम २४ लाख ५० हजार रुपैयाँसहित असार अन्तिम साता कार्यालय परिसरबाटै पक्राउ परेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूविरुद्ध बुधबार विशेष अदालतमा मुदा दायर गरेको हो।

## आर्थिक अपराधको

तथ्यांकअनुसार बैंकिङ कसुरका मुद्दाहरूको संख्या ६ हजार ५ सय ५३ पुगेको छ भने सहकारी ठगीका ३२ र अनुचित लेनदेनका ३० वटा मुद्दा दर्ता भएका छन्। यसैगरी सूचना-प्रविधि र सामाजिक सञ्जालको दुरुपयोगबाट सिर्जित अपराधहरू पनि प्रहरीका लागि नयाँ टाउको दुखाइ बनेका छन्। साइबर अपराध, क्रिप्टोकरेन्सीको अवैध कारोबार, अनलाइन जुवा, र 'हनी ट्र्याप' जस्ता घटनाहरू छन्। साइबर अपराध सम्बन्धी २३ वटा मुद्दा दर्ता भएका छन् भने हुण्डीका १८ र क्रिप्टो करेन्सी सम्बन्धी १२ वटा मुद्दा दर्ता भएका छन्।

## नाउपाको अध्यक्ष

आयोगले नाउपाको अध्यक्ष हेरफेरको अभिलेख अद्यावधिक गर्न पत्र आए पनि प्रक्रियासम्मत नभएको भन्दै पुरानै अभिलेखलाई निरन्तरता दिएको हो।

## उच्च अदालतका...

मोरङका जिल्ला न्यायाधीश उदयप्रसाद भट्टराईलाई उच्च अदालत विराटनगर धनकुटा इजलास, मकवानपुरका जिल्ला न्यायाधीश अवनी मैनाली भट्टराईलाई उच्च अदालत पाटन, उच्च अदालत पोखराका रजिष्ट्रार खड्गराज अधिकारीलाई उच्च अदालत दिपायल, उच्च सरकारी वकिल कार्यालयका, पाटनका सहन्यायाधिवक्ता शंकर खत्रीलाई उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्ज, सर्वोच्च अदालतका रजिष्ट्रार अच्युत कुइँकेललाई उच्च अदालत पाटन र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव कोमलबहादुर खत्रीलाई उच्च अदालत सुर्खेतमा पदस्थापन गरिएको छ। त्यसैगरी, कानुन व्यवसायीबाट शर्मिला थापा विष्टलाई उच्च अदालत पाटन हेटौंडा इजलास, प्रतापसिंह ठकुराठीलाई उच्च अदालत तुलसीपुर बुटवल इजलास, बालकृष्ण गैरेलाई उच्च अदालत पोखरा बागलुङ इजलास, निशा बानियाँलाई उच्च अदालत तुलसीपुर बुटवल इजलास, श्यामकुमार विश्वकर्मालाई उच्च अदालत दिपायल र अरुणकुमार पञ्जियारलाई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुंगा पठाइएको छ।

## आजको राशिफल

- **मेष** – आर्थिक संकट आउदा सहयोगीको साथ पाइनेछ। लोभ्याउने तत्वबाट सावधान रहनुपर्ने समय छ। खर्च भए पनि त्यसले पछि फाइदा दिनेछ। रोकिएका काम पुरा हुनेछन्।
- **वृष** – आम्दानीका नयाँ स्रोतहरू भेटिने छन्। परिश्रमको उचित फल पाइनेछ। मन प्रसन्न रहला। मान बढ्नेछ। नयाँ काम थाल्दा आर्थिक सहयोग जुट्ने छ।
- **मिथुन** – बिगतका गल्तीले दुःख दिनेछन्। मान प्रतिष्ठामा असर पर्न सक्छ। खर्च हुनेछ। विवादपूर्ण जिम्मेवारी आइलाग्न सक्छ। संयम राख्नु उचित होला।
- **कर्कट** – विशेष कामले प्रतिष्ठा वृद्धि गराउने योग छ। समाजिक कामका जिम्मेवारी आउन सक्छन्। साथीभाइको सहयोग हुनेछ। अवसरमा पहुँच बढ्ला।
- **सिंह** – चुनौतीपूर्ण जिम्मेवारी आइलाग्नेछ। स्वास्थ्यमा समस्या आउन सक्छ। खानपानमा विशेष ध्यान राख्नुपर्ने समय छ। गोपनीयता बाहिरिँदा समस्या हुन सक्छ।
- **कन्या** – रमाइलो भेटघाट हुनेछ। घुमफिर र मनोरञ्जनमा खर्च हुनेछ। बोलीमा संयम अपाउनु उचित हुनेछ। आम्दानी बढ्नेछ। नयाँ काम थाल्दा गोपनीयतामा सतर्क रहनु आवश्यक छ।
- **तुला** – प्रतिष्पर्धामा जीतको सम्भावना छ। काममा चुनौती आए पनि सुझबुझले पार लगाउन सकिनेछ। डाह गर्नेले केही बिगार्न सक्ने छैनन्। स्वास्थ्य अनुकूल रहनेछ।
- **वृश्चिक** – अध्ययनमा रुचिले फाइदा दिनेछ। मानसम्मान प्राप्तिको योग छ। व्यापार तथा कृषिसँग सम्बद्ध काममा लाभ हुनेछ।
- **धनु** – साझेदारी व्यवसायका समस्या सुल्झिने छन्। दिगो योजनाहरूबाट लाभ हुनेछ। मार्गदर्शकका सुझावले फाइदा दिने योग छ। पुराना जिम्मेवारी नवीकरण हुनेछन्।
- **मकर** – उपहार पाइने सम्भावना छ। सहयोगीको साथ रहने छ। नयाँ काम थालिनेछ। उद्योग व्यापारमा फाइदा छ। प्रतिस्पधी पराजित हुनेछन्।
- **कुम्भ** – नयाँ काम थाल्न उपयुक्त समय छ। व्यवसायमा फाइदा हुनेछ। लोकप्रियता बढ्ने र आर्थिक लाभ हुने योग छ। अध्ययनमा रुचिले नयाँ बाटो देखाउने छ।
- **मीन** – परिश्रमको फल पाइनेछ। अवसर र आम्दानीका स्रोत भेटिनेछ। थालेका कामलाई परिश्रमले पार लगाइनेछ। आफन्त भेटघाट हुनेछन्। प्रष्टवक्ता नबन्नु हितकर हुनेछ।

# प्रविधिमा पछि परेको हुलाक : पार्सल बोक्दै रमाउदै

**मधु शाही (काठमाडौं)**

छोरीलाई अमलाको अचार निकै मन पर्छ। क्यानाडा पुगेकी छोरीलाई कसरी खुवाउने ? मैतीदेवीका ६५ वर्षीया भवानी जैसी अमलाको अचार, सुकेको साग, भुटेको मकै र भटमास बोकेर गोश्वारा हुलाक कार्यालय पुगिन्।



अब चिठी लेखेर खामबन्दी आदानप्रदानको जमाना रहेन। जैसीलाई हुलाकले विदेशमा पनि खानेकुरा पठाउन सजिलो भएको छ। उनी डिल्लीबजारस्थित गोश्वारा हुलाक कार्यालयको नियमित सेवाग्राही हुन्। घरेलु परिकारहरू हुलाकमार्फत पार्सल गर्दै आएको उनले बताइन्। 'कुराकानी त ह्वाट्सप र फेसबुकमा गर्छु, छोरीसँग,' उनले भनिन्, 'सामान पठाउन भने हुलाक नै भरपर्दो लाग्छ।' नक्साल बस्ने धीरेन्द्रराज भट्टराईले जापानमा रहेका छोराको स्वास्थ्योपचारको यहीँबाटै ख्याल गर्छन्। छोरालाई पेटको समस्या छ। नेपालबाटै औषधि पठाएर हेरचाह गर्न पाएको उनी बताउँछन्। हुलाकले पार्सल पठाउन सहज भएको उनको भनाइ छ। 'निजी कार्गोले महँगो शुल्क लिन्छन्, हुलाक सस्तो र भरपर्दो लाग्छ,' उनले भने।

गोश्वारा हुलाक कार्यालयका प्रशासन प्रमुख रवीन्द्र पोखरेल हुलाकमा पार्सल सेवा प्रभावकारी बन्दै गएको बताउँछन्। त्यससँगै इएमएस (एक्प्रेस मेल सर्भिस) पनि हुलाक सेवा सुरु गरेको छ। यो सर्भिसले भनिएको समयमा सामान पठाउने द्रुत व्यवस्था हो। यस सेवा अरुको तुलनामा शुल्क अलि महँगो पर्ने भए पनि विदेश सामान पठाउनेभन्दा विदेशबाट नेपाल सामान पठाउनेहरूको आकर्षण बढ्दो रहेको उनले जानकारी दिए। गोश्वारा हुलाक कार्यालयको वार्षिक प्रगति २०८०/८१ को तथ्यांकअनुसार जापानमा मात्रै ८० प्रतिशत पार्सल पुग्ने गरेको छ भने अहिले पनि वार्षिक दुई लाख ४५ हजार साधारण चिठी आदानप्रदान भइरहको छ।

हुलाक सुरु भएको चिठी ओसारेर हो। विसं १९३५ मा हुलाकघरको नामबाट स्थापना भएको हुलाक सेवा २०१९ सालमा हुलाक ऐनअन्तर्गत सञ्चालनमा छ। इन्टरनेटको विकाससँगै यो कार्यालयको प्राचीन पहिचान बदलिएको छ।

हुलाकले टेक्नोलोजीमा अपडेट हुनुपर्ने समयको बाध्यतामा अवसर र चुनौती दुवैको सामना गर्दै आएको छ।

पछिल्लो समय हुलाकको प्रभावकारी सेवाका रुपमा पार्सल सेवा विस्तार भएको गोश्वारा हुलाक कार्यालयका प्रमुख हुलाक अधिकृत लीलाबल्लभ न्यौपाने बताउँछन्। गोश्वारा हुलाक कार्यालयले २०८१/८२ मा पुलिन्दा/पार्सल देशभर र विदेशका लागि निर्यात भएकालाई उल्लेख्य सेवा दिएको तथ्यांक छ। उक्त अवधिमा काठमाडौंभित्र ६ हजार ७ सय ७४ पार्सल पुऱ्याएको छ भने अन्य जिल्लामा पठाइएका २ हजार ४ सय ५४ डेलिभरी दिएको छ। विदेशका लागि निर्यात भएका २१ हजार ५ सय ४८ वटा गन्तव्यमा पठाएको छ।

विश्वका ३९ देशसँग अन्तर्राष्ट्रिय द्रुत डाक सेवा सम्झौता गरी छिटो र प्रभावकारी रूपमा इएमएस आदानप्रदान हुन्छ भने ७१ देशमा हुलाक वस्तु पठाउने र विश्व हुलाक संघका १९२ सदस्य राष्ट्रबाट हुलाक वस्तु प्राप्त हुने व्यवस्था छ।

हुलाकले सेवालाई निरन्तरता दिइरहँदा स्रोत साधनको अभाव र दक्षजनशक्तीको कमी सामना गर्दैछ। कार्यालयहरू सूचना प्रविधिमैत्री छैनन्। पर्याप्त बजेट छैन।

# झुम्का कारागारको २० फिटे पर्खाल नाघेर कैदी फरार

**मनोज भुजेल**
**इटहरी, साउन २८**

सुनसरीको झुम्का कारागारबाट जबरजस्ती करणी मुद्दामा दोषी ठहर भई सजाय काटिरहेका एक कैदी मंगलबार राति फरार भएका छन्। खोटाङको दिप्रुङ चुइचुम्मा गाउँपालिका-२ निवासी २८ वर्षीय रुपक पौडेल खत्री कारागारको २० फिट अग्लो पर्खाल नाघेर भागेका हुन्।




कारागार प्रशासनका अनुसार खत्रीलाई कारागारको 'बी' ब्लकमा राखिएको थियो। घटनाबारे चौकीदारबाट सूचना प्राप्त भएपछि प्रशासनले तत्काल खोजी कार्य शुरु गरेको हो। सामूहिक बलात्कार घटनामा संलग्न खत्रीलाई जिल्ला अदालत सुनसरीले २०८१ चैत २५ गते १३ वर्ष कैद सजाय तोकेको थियो। उनलाई साउन २१ गते मात्रै पुर्पक्षका लागि जेल चलान गरिएको थियो।

कारागार प्रशासनका अनुसार कैदी खत्रीलाई रातको पालोमा डिउटीमा खटाइएको थियो। सोही समयमा उनले मुढा उत्पादन उद्योगको छत प्रयोग गरी अस्थायी सिँढी बनाएर पर्खाल नाघेका थिए। घटना बिहान करीव २ बजेको आसपास भएको बताइएको छ।

घटनापछि सुरक्षा संयन्त्रलाई सतर्क बनाइएको छ। खत्रीको खोजीका लागि सुनसरी, उदयपुर, सप्तरीलगायतका जिल्लामा प्रहरी परिचालन गरिएको छ। झुम्का कारागारमा ४५ भन्दा बढी सशस्त्र तथा जनपद प्रहरी खटिएका भए पनि कैदी फरार हुनु सुरक्षाप्रति गम्भीर लापरबाहीका रूपमा हेरिएको छ।

हाल सशस्त्र प्रहरीका डिएसपी राजेश श्रेष्ठको नेतृत्वमा खटिएको सुरक्षा टोली र जनपद प्रहरीको भूमिकामाथि समेत अनुसन्धान हुने भएको छ।

घटनापछि प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रको नेतृत्वमा जिल्ला सुरक्षा समितिको टोलीले कारागारको स्थलगत निरीक्षण गरेको छ। साथै, सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी लोकमान श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ। समितिलाई घटनाको सम्पूर्ण विवरण संकलन गरी प्रतिवेदन तयार पार्ने जिम्मेवारी दिइएको छ।

बुधबार बिहानसम्म झुम्का कारागारमा एक हजार सात सय ९५ जना कैदीबन्दी रहेका थिए। कैदी फरारको विषयमा सम्पर्क गर्दा जेलर सुवासकुमार लामिछानेले टिप्पणी गर्न अस्वीकार गरे।

यसअघि २०६९ सालको कार्तिक २३ गते पनि यही झुम्का कारागारबाट सुरुङ खनेर ११ जना कैदी फरार भएका थिए।

# लुम्बिनीमा बढ्दै सडक दुर्घटना, ३ वर्षमा १९ सयको मृत्यु

**बिमल पुरी**
**बुटवल, साउन २८**

लुम्बिनी प्रदेशमा सवारी दुर्घटनाको डरलाग्दो गरी बढ्दै गएको छ। सवारी दुर्घटनासँगै दुर्घटनामा मृत्यु हुने र घाइतेको संख्या समेत बढ्दै गएको छ। लुम्बिनीमा पछिल्लो तीन वर्षमा १९ सय चार जनाले ज्यान गुमाएका छन्।

लुम्बिनी प्रदेशभरि आर्थिक वर्ष २०८१/८२ मा ५०६ जनाको मृत्यु भएको छ। ३ हजार ४ सय ७९ दुर्घटना र ५ हजार ६ सय ९१ घाइते दर्ता भएका छन्। यस्तै, अघिल्लो वर्ष २०८०/८१ मा मृत्यु संख्या अझै बढी ५ सय ३७ थियो।

लुम्बिनीमा सवारी दुर्घटना बढ्दै गएपछि सरोकारवालाहरूले चासो दिन थालेका छन्। मंगलबार लुम्बिनी प्रदेशमा सवारी दुर्घटनाको विषयमा दाङको लमहीमा आयोजना गरिएको अन्तरक्रियामा राष्ट्रिय सडक सुरक्षा परिषद्ले प्रदेश तथा स्थानीय तहमा सडक सुरक्षामा सरोकार राख्ने निकायहरूको भूमिका बढाउने र आगामी योजनामा प्राथमिकता दिन छलफल चलाएको हो।

छलफलमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सवारी दुर्घटना न्यूनीकरणको विषय अब साझा चिन्ताको एजेन्डा बन्नुपर्ने बताए। उनले दुर्घटनासँग जोडिएका कारणहरू पहिचान गरेर समाधानका उपाय तत्काल लागू गर्नु प्रदेश सरकार तयार रहेको बताए।

लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकाललगायत सरोकारवाल निकाय सहभागी अन्तरक्रियामा सडक निर्माणका मापदण्ड पूर्ण रूपमा कार्यान्वयन, रुट परमिट दिनुअघि सवारीसाधनको प्राविधिक अवस्था जाँच, ट्राफिक नियमको कडाइका साथ पालना, र मानवीय लापरबाही नियन्त्रण सडक सुरक्षा सुधारका आधारभूत कामहरू अनिवार्य गर्न सके दुर्घटना न्यूनीकरण गर्न सकिनेमा जोड दिएका थिए।

यस्तै, तराई, पहाड र हिमालको भूगोलअनुसार सडक मापदण्ड छुट्टाछुट्टै छन् तर तिनलाई अनिवार्य पालन गर्नुपर्ने सरोकारवालाहरूले जोड दिए। लागू औषध र मदिरा सेवन गरेर सवारी चलाउने, चाडपर्वमा सडक छेक्ने, डोरी टाँगेर यातायात अवरुद्ध गर्ने जस्ता व्यवहार दुर्घटनाका कारण भएको भन्दै यसलाई रोक्न जनचेतना अभियान आवश्यक भएको उल्लेख गरिएको छ।

यस्तै, लुम्बिनी प्रदेश सरकारले सडक गुरुयोजना निर्माण गरेको र भावि दिनमा योजना छनौट, सडक विस्तार तथा स्तरोन्नति, सडक सुरक्षाजस्ता विषयलाई कार्यान्वयन गराउन सहज हुने लुम्बिनी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालका सचिव भीमार्जुन पाण्डले बताए।

छलफलमा यातायात व्यवसायीहरूले ट्राफिक प्रहरीले जाँचको नाममा अनावश्यक दुःख दिने प्रवृत्तिमा पनि सुधार आवश्यक रहेको औंल्याएका छन्। सडकको अवस्था सुधारदेखि चालकलाई जिम्मेवार बनाउन र जनचेतना अभिवृद्धिलाई अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिइयो। विशेषज्ञका अनुसार लुम्बिनीमा दुर्घटनाको सबैभन्दा ठूलो हिस्सा मोटरसाइकल दुर्घटनाले ओगटेको छ। तीव्र गति, चालकको लापरवाही र कमजोर सडक अवस्था यसका प्रमुख कारणका रूपमा देखिएका छन्।

# ठेकेदार र कामदार सेफ्टी ट्र्यांकमा मृत फेला

**news 24**
**सुनसरी, साउन २८**

सुनसरीको दुहबी नगरपालिका-४ स्थित शिवमन्दिर चोकमा निर्माणाधीन घरको सेफ्टी ट्र्याङ्कीभित्र दुई जनाको शव फेला परेको छ। बुधबार बिहान करीव १० बजेको समयमा चन्द्रिका रौनियारको निर्माणाधीन घरमा उक्त घटना सार्वजनिक भएको हो।

सेफ्टी ट्र्याङ्कीभित्र भेटिएका मृतकहरूमा दुहबी-२ निवासी ५० वर्षीय श्यामबहादुर तामाङ र ३२ वर्षीय रमेश राई रहेका छन्। प्रहरीले दिएको जानकारीअनुसार तामाङ सो घर निर्माणको ठेकेदार हुन् भने राई निर्माण मजदुरका रूपमा काम गरिरहेका थिए।

दुवैको शव धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परीक्षणका लागि पठाइएको छ। प्रारम्भिक विवरणअनुसार शव फेला परेको तरिकाले दुर्घटना वा अन्य कारणको संकेत गर्न सक्ने भएकाले विस्तृत अनुसन्धान अगाडि बढाइएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार घटनाको प्रकृति गम्भीर देखिएकाले धरानबाट फरेन्सिक विज्ञसहितको टोली घटनास्थलतर्फ खटाइएको छ। फरेन्सिक विश्लेषणपछि मात्रै मृत्युको यथार्थ कारणबारे ठोस विवरण आउन सक्ने जनाइएको छ।

घटनास्थल दुहबी इलाका प्रहरी कार्यालयबाट करीव दुई किलोमिटर पूर्वमा पर्छ। स्थानीयबासी र प्रत्यक्षदर्शीहरूका अनुसार सेफ्टी ट्र्याङ्की हालसालै निर्माण भएको थियो तर प्रयोगमा भने आएको थिएन।

# मितेरी पुल बगाएपछि केरुङमा अलपत्र १८१ को उद्धार

**दिपक खत्री**
**सिन्धुपाल्चोक, साउन २८**

भोटेकोशी नदीको बाढीले मितेरी पुल बगाएपछि चीनतर्फ अलपत्र १८१ जना नेपालीको एक महिनापछि उद्धार भएको छ। गत असार २५ मा आएको बाढीले रसुवाको मितेरी पुल बगाएको थियो। पारि रहेकाहरू पुल बगेपछि उतै अलपत्र थिए।

होटल र पर्यटन क्षेत्रमा कार्यरत उनीहरू पारिबाट वारि आउन नपाएपछि केरुङमा बसेर हारगुहार गरिरहेका थिए। नेपाल-चीन दुवै सरकार, स्थानीय प्रशासन तथा सरोकारवाला निकायहरूको समन्वयमा उनीहरूलाई तिब्बतको न्यालम हुँदै सिन्धुपाल्चोकको तातोपानी नाका ल्याइएको हो।

सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाका अनुसार, उद्धार गरिएका नेपालीहरूलाई हिमालय सिमापार वाणिज्य संघको सहयोगमा पाँचवटा सवारी साधन प्रयोग गरी काठमाडौं पठाइएको छ।

'केरुङमा अलपत्र परेका नेपालीहरूमा स्वास्थ्य समस्या देखिन थालेको थियो। धेरैजसो रसुवाका बासिन्दा रहेका उनीहरूलाई स्वदेश फर्काउने व्यवस्था हामीले समन्वय गरेर गर्यौं,' प्रमुख जिल्ला अधिकारी बास्तोलाले बताए।

एक महिनासम्म केरुङमा अड्किएका नेपालीहरूमध्ये धेरैले खाना, बास, स्वास्थ्य र संचारको सुविधा नपाएको गुनासो गरेका थिए। कतिपयले त अब घर फर्कन पाइन्छ कि पाइँदैन भन्ने चिन्ता व्यक्त गर्न थालेपछि तत्काल उद्धारको पहल गरिएको हो।




हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

ADNAN SAMAD SHAH
CEO (Chief Executive Officer)

JBR ASSOCIATES
simplifying jobs

Ratopul-33, Kathmandu
Tel: 977-01-4478614, 4478115
Email: adnan@jbrassociate.com
Website: info@jbrassociate.com

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

Anil Bogati
Managing Director

CONFIDENT INTERNATIONAL MANPOWER PVT. LTD.

Sinamangal-9, Kathmandu
Tel: 5918957, 5918958
Email: info@confidentmanpower.com
Website: md@confidentmanpower.com

## सम्पादकीय

# पलायन रोक्ने योजना आवश्यक

*महाकवि लक्ष्मिप्रसाद देवकोटा आफू लिखित कृतिमध्ये 'मुनामदन' लाई प्रिय मान्थे। जीवनको अन्तिम घडीमा पनि महाकविले आफ्ना सबै कृति नासिए पनि 'मुनामदन' चाहिँ जोगियोस् भनेका चर्चा गरिन्छ। नेपालको सर्वकालीक कृतिमा दरिएको मुनामदनमा देवकोटाले नेपाली परम्पराकै कथा कहेका छन्। ९० वर्षअघि प्रकाशित त्यो कथाको सार हो, वैदेशिक रोजगार र त्यसको पीडा। देवकोटाले आफू बाँचेको समयभन्दा धेरैअघि जोहो टार्न भोटमा जाने नेपाली युवाको कुरा कथेका थिए। तर त्यो परम्परा उनको पालामा पनि थियो; अहिले पनि छ, र भोलि कहिलेसम्म हुनेछ भन्ने सकिने अवस्था छैन।*

*रोजगारीको आशमा दैनिक दुई हजार युवा रोजगारीका लागि विदेश गइरहेका छन्। गत आर्थिक वर्ष हालसम्मकै उच्च ८ लाख युवाले श्रमस्वीकृति लिएका थिए। श्रम स्वीकृति लिनेमा नयाँ श्रम स्वीकृति लिने ६० प्रतिशत र पुनः श्रम स्वीकृति लिने ४० प्रतिशत छन्। संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, दक्षिण कोरिया, क्रोएसिया र बहराइनसँगै युरोपेली मुलुक गरी ६९ देशमा नेपाली युवाहरू गइरहेका छन्।*

*युवा विदेश जाने मात्र होइन, उनीहरूले कमाएको पैसा पनि ठूलो मात्रामा घर पठाउने गरिरहेका छन्। सरकारी तथ्यांकले तीन वर्षमा नेपालले ठूलो मात्रामा रेमिटान्स (विप्रेषण) प्राप्त गरेको देखाएको छ। २०७८/७९ मा १० खर्ब रुपैयाँभन्दा बढी भित्रिएको रेमिटान्स २०७९/८० मा आइपुग्दा १२ खर्ब पुग्यो। २०८०/८१ मा यो रकम १३ खर्ब नजिक पुगेको छ। नेपालीले विदेशमा काम गरेर पठाएको पैसाले देश धानिएको छ, अर्थात् नेपाली अर्थतन्त्रको आधार रेमिटान्स भएको छ।*

*यसरी युवाहरू विदेशिइरहेको अवस्थामा हामीले मनाउने युवा दिवसको अर्थ के हुन्छ भन्ने प्रश्न मुखर हुन्छ। सन् २००० देखि संयुक्त राष्ट्रसंघको अगुवाइमा हरेक वर्ष १२ अगस्टका दिन युवा दिवस मनाउने गरिन्छ। यो वर्ष संयुक्त राष्ट्रसंघले युवा दिवसका लागि तय गरेको नारा 'स्थानीय युवाका लागि दिगो विकास लक्ष्य र कार्यहरू' रहेको छ। नेपालले तय गरको नारा चाहिँ 'दिगो विकास र सुनौलो भविष्यको सारः स्थानीय युवाको सहभागिता समृद्धिको आधार' छ। तर, सरकारको नारा विदेश जाने युवाहरूको लर्कोले हावा खाइरहेको प्रतीत हुन्छ।*

*९० वर्षअघि मदन विदेशिइरहेको अवस्था थियो। त्यतिबेला उद्योग, कलकारखाना थिएनन्। रोजगारी थिएन। आज एउटा राज्यलाई आधुनिक र समक्ष बनाउन चाहिने सबै कुरा नेपालमा उपलब्ध छ। तर पनि युवा विदेशिने क्रम रोकिएको छैन। अझ रोचक त युवा दिवसका दिन एकतिर विदेश जानेको लर्को अन्तर्राष्ट्रिय विमानस्थलमा लागेको थियो भने नेपालको हृदय रोग उपचारमा ख्याती कमाएको संस्थाका एक योग्य चिकित्सकले विदेश पुगेर राजीनामा पठाइएको सन्दर्भ झन् दुःखदायी बनाउने खालको छ। शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका वरिष्ठ चिकित्सक डा. रामेश कोइरालाले विदेश पुगेर सामाजिक सञ्जालमार्फत पठाएको राजीनामाको अन्तर्य त समयक्रममा खुल्दै जाला। तर दुःखको कुरा देशभित्रको निराशाजनक वातावरण र युवा पलायन मात्र होइन विज्ञ र प्रवुद्ध वर्गका मानिस पनि पलायन हुँदै जानु चिन्ताको विषय हो।*

*आजातजावत, घुमफिर, जीवनयापन गर्ने व्यक्तिको नैसर्गिक अधिकारलाई सम्मान गर्नुपर्छ। त्यो अधिकार उसले उपभोग गर्न पाउनु पर्छ भन्नेमा दुईमत छैन। तर विगतका तुलनामा विकसित गतिविधि र सुविधा बढ्दा बढ्दै पनि कुन कारणले युवा विदेश गइरहेका छन् र यो किन राष्ट्रिय संस्कृतिमा परिणत भइरहेछ देशको भविष्य र नेतृत्वप्रति आमजन किन असन्तुष्ट छन् भन्ने कारण देश चलाउने दल र सरकारले गर्नुपर्छ। र, निराकरणको उपाय छिट्टै गर्नु पर्छ। उज्ज्वल भविष्य देखिन थाल्यो भने कोही विदेश जाँदैन। त्यसो हो भने युवाहरूमा भविष्यको आशा देखाउने काम कसले गर्ने हो? राजनीतिक दलले युवाहरूलाई भोटरमा मात्र सीमित पार्नु भएन। भोटरको दिगो भविष्यको लागि पनि सोच्नु पर्छ।*

## जेन कथा

# चिया



मेइजी युग (१८६८-१९१२) का नान-इन नामक एक जेन गुरुसँग कुनै विश्वविद्यालयका प्राध्यापक जेनका विषयमा ज्ञान पाउनका लागि गए।

नान-इनले उनका लागि चिया बनाए। उनले प्राध्यापकको कपमा चिया भर्न थाले र भर्दै भर्दै कपबाट चिया बाहिर पोखिन थाल्यो। प्राध्यापकले त सुरुमा विस्मित भएर हेरिरहे तर चिया बढी नै पोखिन थालेपछि उनले आफूलाई रोक्नै सकेनन्। उनले भने, 'गुरुज्यू, कप त पूरै भरिएर पोखिन थाल्यो। यसमा चिया अट्दैन भने किन थपिरहनुभएको?'

'जसरी भरिएको कपमा माथिबाट चिया थप्नुको अर्थ छैन,' नान-इन गुरुले भने, 'तिमी पनि आफ्ना विचार र मतहरूले पूरै भरिएर आएका छौ। यस्तो भरि दिमागमा मैले जेनका बारेमा कसरी बताउन सक्छु? जाऊ, पहिला आफ्नो भरिएको दिमाग खाली गरेर आऊ।'

**न्यूज २४ दैनीकमा आफ्ना लेख तथा रचना प्रकाशित गर्नु परेमा artical@news24dainik.com मा पठाउन सक्नुहुनेछ।**

*–सम्पादक*

# अमेरिकी कर युद्ध र नेपालको अवसर



news 24 दैनिक

**सौरभ लुइँटेल**



**भारतबाट अमेरिका जाने सबै सामान नेपालमार्फत 'मेड इन नेपाल' लेखेर अमेरिका पठाएर भारतीय अर्थतन्त्र जोगाउने मोदी नीतिमा नेपाल फस्यो भने ट्रम्प प्रशासनले नेपाललाई पनि करको दायरा बढाएर २५/३० पुऱ्याइदिन बेर छैन।**

बाँच्नुपर्छ मात्र पर्छ अनेक देखिन्छ भन्ने भनाइ दैनिक जनजीवनमा चलेको छ। यो युगलाई कलीको युग मान्ने परम्परागत मान्यताले गुणको बदलामा बैगुन पाइने, जस गर्दा अपजस लाग्ने गरेको कुरा हामीले देखे, सुनेको कुरा हो। यही सन्दर्भलाई दुई देशबीचको सम्बन्धको आयामको कसीमा हेर्दा भारत र अमेरिकाको करको युद्धलाई कलीको परिणतिको रुपमा बुझ्न सकिनेछ। कुनैबेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनको पार्टी भारतीय जनता पार्टीले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई जिताउन कोटीहोम पूजा मात्र गरेनन्, 'अब कि बार ट्रम्प सरकार' समेत भन्न थाले। कुनैबेला ट्रम्पको विजयको खातीर लागेका भारतीय प्रधानमन्त्री मोदीलाई आज त्यही कुरा धेरै महंगो सावित हुने देखिएको छ। यसमा प्रधानमन्त्री मोदीको असफल कुटनीति दुरदर्शिता उदागिंएको छ।

ट्रम्पले भारतले रसियाबाट किनिरहेको तेल किन्न बन्द गर्नुपर्छ भनेर बारबार भनेका थिए। भारतले त्यो मानेन। कुरा मतभेदको तहमा बढ्दै गयो। अमेरिकारको त्यो तर्क आफैंमा तर्कसंगत थिएन। किनभने अमेरिकाले नै रसियाबाट तेल आयात गरिरहेको तथ्य बाहिर आएको छ। त्यही निहुँमा भारतीय सामानमा लगाइएको २५ प्रतिशतको करको दायरालाई बढाएर ५० प्रतिशत पुऱ्याउँदा त्यसले बजारलाई अत्यन्तै अस्थिर मात्रै बनाइदिएन, त्यसको प्रत्यक्ष असर भारतीय अर्थतन्त्रमा गम्भीर रूपमा नै लाग्ने देखियो। अझ एक कदम अघि सरेर अमेरिकी राष्ट्रपति ट्रम्पले भारतीय अर्थतन्त्रलाई 'डेड इकोनोमी' अर्थात् मृत भनेर घोषणा गरिदिए। त्यसले मोदीको अहंमा नराम्रोसँग प्रभाव पऱ्यो। ट्रम्पको सो कदमले भारतीय पक्षलाई गम्भीर अवस्थामा पुऱ्याइदियो। ट्रम्प सरकारले लगाएको भारतीय उत्पादन र सेवामा लगाएको ५० प्रतिशतको करले भारतमा धेरै उद्योग बन्द हुने र लाखौं जनशक्ति बेरोजगार हुने गम्भीर आशंका उब्जाएको छ।

अवस्था बिग्रिँदै जाँदा त्यसले विश्व अर्थतन्त्रमा अस्थिर अवस्था सिर्जना गरिदिने भय छ। त्यसैले मोदी 'चाइना कार्ड' उपयोगको तयारीमा लागेको देखिन्छ। जसरी चिनियाँ उत्पादनमा अमेरिकाले जुन ढंगमा कर लगायो, त्यसलाई डटेर प्रतिवाद गर्दै चिनियाँ पक्षले अमेरिकी उत्पादनमा पनि कर लगाइदियो। साथै, चिनिया पक्षले आफूलाई 'सेकेन्डरी मार्केट' को खोजीमा तीव्र र गम्भीर रुपले अघि बढयो। चीनको सोही उपायलाई भारतले पनि पच्छ्याउन खोज्दैछ। त्यो कति सम्भव छ भन्ने कुरा समयले साबित गरि नै हाल्नेछ। तर यो करको करकरमा नेपालको भूमिका के हुने भन्ने सन्दर्भमा हामीले सोच्नु र काम गर्नुपर्ने बेला भएको छ। किनभने अमेरिकी करको मारले नेपालको अर्थतन्त्रलाई कस्तो फरक पार्न सक्छ भने सन्दर्भमा अमेरिकामा रहेको नेपाली समुदायको प्रभावलाई नियाल्नुपर्ने हुन्छ।

अमेरिकामा भारतीय वस्तु तथा सेवाको उपयोग गर्नेमा उल्लेख्य संख्यामा नेपालीहरू पनि रहेका छन्। ती वस्तु तथा सेवामा दैनिक जनजीवनमा अत्यावश्यक सरसामग्रीहरू अधिक छन्, त्यसमा औषधि, खाद्यान्न, मसला प्रमुख छन्। त्यसअलावा भारतबाट अमेरिकामा उल्लेख्य मात्रामा आउने सामानमा महिलाको आभुषण र लत्ता कपडा पर्छन्। ती सरसामग्रीको उपयोग गर्नेमा अमेरिकामा बसोबास गरिरहेको भारत, पाकिस्तान, बंगालादेश, नेपालबाट गएका मानिसहरूको संख्या अधिक छ। भारतीय उपमहाद्विपमा रहेको समान खालको संस्कृति र सांस्कृतिक आदानप्रदानले भारतीय उत्पादनले अमेरिकी डायस्पोरामा राम्रो पकड जमाइरहेको अवस्था थियो। भारतसँगको सार्क मुलुकका देशहरूको धेरै समानता छ, त्यो समानता खानपान, लवाइखवाइ, चाडपर्व लगायतमा देखिन्छ। त्यसको प्रभाव नेपालको अर्थतन्त्रमा पनि अप्रत्यक्ष रुपमा पर्ने नै देखिन्छ।

अमेरिकी बजारमा ती सामना महंगो हुँदै जाँदा अमेरिकामा बस्ने नेपालीलाई फरक पर्नेछ। उनीहरूले उपयोग गर्ने वस्तुको मूल्यमा वृद्धि हुने मात्र होइन त्यसको असर बजारमा वस्तुको अभावका रूपमा पनि देखिने जुन आर्थिक मान्यता छ, त्यसले मूर्त रुप पाउन थालेको देखिन्छ। यो विषयलाई कसरी हेर्नुपर्छ भने अमेरिकामा बस्ने नेपालीसहित दक्षिण एशियाली डायस्पोरिक समुदायलाई महंगीको के कस्तो मार पर्छ भन्ने हो। र, यो विषयको अन्तर्यमा अबका दिनमा नेपालको भूमिका के हुन सक्छ भन्नेतर्फ हुनु पर्छ। किनभने यो नेपालको लागि प्राप्त एउटा अवसर पनि हो। तर त्यसलाई फलिभूत गर्न नेपालले कुटनीतिक पहल गर्नुपर्ने देखिन्छ। जसका लागि आधारभूत कुराको परिपूर्ति गर्ने काम भने नेपालले बेलैमा गर्नुपर्ने देखिन्छ।

गत आर्थिक वर्षमा आयातभन्दा निर्यात ८३ प्रतिशतले बढेको कुरालाई नेपालका प्रधानमन्त्रीदेखि अर्थमन्त्रीले सार्वजनिक रुपमा गर्वका रूपमा भन्दै आएका छन्। तर त्यो निर्यात दिगो निर्यात हो कि होइन भन्ने कुराको विश्लेषण गर्नुपर्ने देखिन्छ। किनभने भारत र पाकिस्तानबीच कुटनीतिक तनाव सिर्जना भएको अवस्थामा इस्लामिक देशले पाकिस्तानलाई समर्थन गरे। पाकिस्तानको पक्षमा उभिने ती देशका आयातलाई कडाइ गर्ने नीति मोदी सरकारले अख्तियार गर्‍यो। भारतमा भन्सार दर बढाउँदा त्यसको उपज भारतका व्यापारीले नेपाललाई उपयोग गरे। भारतले आयातमा कडाइ गरेका देशहरू मलेशिया, इण्डोनेशिया, टर्की आदि देशबाट आउने भटमासको तेल, पाम तेललगायतको कच्चा पदार्थ उपभोग्य सामान पहिला नेपालमा आयात हुने र नेपालबाट भारतमै निर्यात भएको हुँदा नेपालको निर्यात एक्कासी बढेको देखिएको हो।

भारतीय व्यापारीसँगको सहमतिमा नेपालका व्यापारीले कच्चा पदार्थ ल्याएर प्याकिङ र रिफाइनिङ मात्रै गराएर फेरि भारत लाने गरिएको छ। यसको कारण निर्यात बढेको देखिएको हो। यसले नेपालको भन्सारको दुरुपयोग भइरहेको तथ्य पुष्टि हुन आउँछ। यदि निर्यातको मात्रा उल्लेख्य रुपमा बढेको देखिएको हो भने नेपालमा रोजगारी, उद्योगधन्दा, कलकारखानामा वृद्धि भएको किन देखिएन भन्ने प्रश्नको उत्तर पनि खोज्नुपर्ने हुन्छ। भारतसँगको नेपालको व्यापारमा निर्यातको मात्र बढेको हो र त्यसकै योगदान स्वरुप निर्यातको आंकडा ८३ प्रतिशत पुगेको हो भने देशमा कतिवटा नयाँ उद्योग खुले? कुन कुन नयाँ क्षेत्रमा नेपालले उत्पादन थाल्यो? कति जनाले रोजगारी पाए भन्ने तथ्यांक हामीमाझ उपलब्ध छैन। त्यसैले यो निर्यातको खास कारण उत्पादन र औद्योगिक उन्नती नभएर 'ट्रान्जिट हब' भएका कारणले हो।

अमेरिकी बजारमा पनि यस्तै हुने गरेको पाइन्छ। त्यो कसरी भने अमेरिकाले दक्षिण एसियामै सबैभन्दा कम करको दायरामा नेपाललाई राखेको छ। अमेरिकाले नेपाललाई निर्धारण गरेको करको दर १० प्रतिशत छ। अर्कोतर्फ, अमेरिकाले पाकिस्तान, श्रीलंका, बंगलादेशलाई २० प्रतिशत कर निर्धारण गरेको छ भने भारतलाई लगाइएको करको दर ५० प्रतिशत बनाइदिएको छ। भारतले आफ्नो उत्पादनको अमेरिकी बजार जोगाइराख्न, हजारौं उद्योगधन्दा र लाखौं रोजगारी टिकाउन नेपाली भन्सार दर प्रयोग गर्नसक्ने प्रवल सम्भावना छ। किनभने भारतलाई आफ्नो कुल ग्राहस्थ उत्पादन जोगाइराख्न पनि दबाब छ। यस्तो अवस्थामा नेपाल सरकारले वस्तुको लेबलिङ मात्र गरेर 'ट्रान्जिट' बनेर भारतको सामान अस्थायी रुपमा पठाउनुभन्दा नेपाली उद्योगीलाई औद्योगिक पूर्वाधारमा सघाएर दीर्घकालीन रूपमा निर्यात बढाउने नीति अख्तियार गर्नु आवश्यक छ। यसका लागि कुटनीतिक पहल गरेर औद्योगिकीकरणको बाटोमा जाने उत्तम अवसर पनि हुन सक्छ। नेपालले साना सामान आफैं बनाउन सक्छ। तिनमा मसला, घिउ, तेल, जडिबुटी, औषधी हुन सक्छन्। यस्ता सामानको अमेरिकी निर्यात प्रवर्द्धनलाई दीर्घकालीन ढंगमा अघि बढाउन व्यावसायीलाई सहजीकरण गरिदिनुपर्छ।

नेपालले सामान निर्यात गर्ने दोस्रो ठूलो देश आजको दिनमा अमेरिका हो। नेपालले गत आर्थिक वर्षमा १७ अर्ब ३१ करोडको सामान निर्यात गरेकोमा यस आर्थिक वर्ष ६ प्रतिशत बढेर १८ अर्ब ३२ करोडको सामान अमेरिका पठाएको छ। प्रभावकारी आर्थिक कुटनीति प्रयोग गर्न सके नेपालले निर्यात बृद्धि गर्न सक्ने सम्भावना ठूलो छ। हामीले आफ्नै बलबुताले ती वस्तु सेवा अमेरिका निर्यात गर्न सक्छौं। तर, नेपालको राजनीति नेतृत्वको उदासिनता कर्मचारीतन्त्रको ढिलासुस्ती र झन्झटिलो प्रक्रियाले गाह्रो छ। यसमा बरु मोदी सरकारले नेपाल कार्ड प्रयोग गरेर आफ्नो देशको उद्योग र रोजगारी जोगाउन प्रवल सम्भावना देखिएकोछ। नेपालमा केपी ओली नेतृत्वको सरकार बनेको एक वर्ष भइसक्दा पनि भारतले ओलीलाई रुचाएको देखिएको छैन। त्यसको पुष्टि ओलीले एक वर्षमा भारत भ्रमण गर्न खोजेको र उताबाट गरिएको बेवास्ताबाट पुष्टि भएको मान्न सकिन्छ।

तर, ट्रम्पले पहिले २५ प्रतिशत कर लगाउने र त्यसलाई बढाएर ५० प्रतिशत पुऱ्याउँदै गर्दा भारत निरीह बनेर बसेको देखिएको छ। तर मोदीले नयाँ कूटनीतिक पहल गर्न थालेको हुन्छ। मोदी सात वर्षपछि एक्कासि बेइजिङ गएर सी जिङ पिङलाई भेटनु, त्यसको लगत्तै नेपालका प्रधानमन्त्रीलाई भारत भ्रमणको निम्तो दिन भारतीय विदेश सचिव आफैं नेपाल आउनुलाई कूटनीतिक रुपमा संयोगवश भन्ने ठाउँ छैन। त्यसमा नेपाल सरकार, राजनीतिक पार्टी र मुख्यतः प्रधानमन्त्री ओलीले आफ्नो चातुर्य र गम्भीरता देखाउन जरुरी छ। नत्र भारतबाट अमेरिका जाने सबै सामान नेपाल पठाउने त्यसमा नेपालले भन्सार शून्यमा लगिदिने र लेबलिङ गर्दा 'मेड इन नेपाल' मात्र भनेर अमेरिका सामान पठाएर आफ्नो जिडिपी धर्मराउन नदिने भारतीय अर्थतन्त्र जोगाउने मोदी नीतिमा ओली फसे भने नेपालले यो आर्थिक वर्षमा निर्यात गरेको १८ अर्ब ३२ करोडको आँकडा शून्य नहोला भन्न सकिन्न। किनभने भारतको ५० प्रतिशत करको दायरा र अन्य दक्षिण मुलुकको करको दायरामा ४० प्रतिशत फरक आउँदा त्यसले ठूलो आर्थिक असर गर्छ। भारतले त्यो ४० प्रतिशतको करको दायराको फरकपनमा खेल्न खोज्नेछ। यदि त्यही मात्र मोदी नीतिको अन्तर्य हो भने नेपालले कुटनीति चातुर्य देखाउन सक्नुपर्छ। यदि यो अवसर र मौकामा हामी चुकेर अरुको उपयोगमा प्रयोग भयौं भने ट्रम्प प्रशासनले नेपाललाई पनि करको दायरा बढाएर २५/३० पुऱ्याइदिन बेर छैन। त्यसो भएमा भुइँको टिप्न खोज्दा खल्तीको पनि गुमाउला भन्ने डर हुन्छ।

# ऊर्जा दक्षताका लागि नवीकरणीय ऊर्जा

**डा रणबहादुर थापा**

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताले देशमा आर्थिक वृद्धि, ऊर्जा सुरक्षा, ऊर्जाका स्रोतहरूको विविधीकरण र जलवायु परिवर्तनमा योगदान पुऱ्याउँछन्। विश्वभरका विभिन्न समुदायहरू यी दुवै क्षेत्रको प्रवर्द्धन तथा विस्तार गर्न आवश्यक नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी पहिले नै अभ्यस्त भएको पाइन्छ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताका गतिविधिहरू बीचको घनिष्ठ सम्बन्धले अझ बढी लाभ प्रदान गर्न सक्छन्, जसका लागि राज्यले दुवै पक्षको प्रवर्द्धन र विस्तारयोग्य नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन गरी एक-आपसको तादम्यताबाट अधिक रूपमा लाभ लिन सकिने सम्भावनाहरू छन्।

ऊर्जा दक्षता भन्नाले थोरै ऊर्जा प्रयोग गरेर बढी मात्रामा काम गर्नु हो। यसको अर्थ ऊर्जाका स्रोतहरूको प्रयोग गर्दा त्यस्तो उपकरण तथा विधि अपनाइन्छ, जसले कम ऊर्जा खर्च गरेर पनि राम्रो नतिजा हासिल गर्दछ। त्यसैगरी, नवीकरणीय ऊर्जा भन्नाले त्यस्ता स्रोतहरूलाई जनाइन्छ, जुन प्राकृतिक रुपमा पुनः प्राप्त हुन्छन् र कहिल्यै सकिँदैनन्। सरल भाषामा, ऊर्जा दक्षता भन्नाले चुहावट घटाएर बाल्टिनलाई सानो बनाउनु हो भने नवीकरणीय ऊर्जा भनेको बाल्टिनलाई सफा पानी अर्थात् स्वच्छ ऊर्जाले भर्नुजस्तो हो। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षता, भविष्यको दिगो र भरपर्दो ऊर्जाका लागि महत्वपूर्ण घटकहरू हुन्, जसलाई 'जुम्ल्याहा स्तम्भहरू' पनि भनिन्छ।

ऊर्जा दक्षताले ऊर्जाको मागमा कमी ल्याउने र नवीकरणीय ऊर्जाले स्वच्छ ऊर्जाको आपूर्ति बढाउने हुँदा दिगो ऊर्जा प्रणालीमा अझ छिटो र प्रभावकारी रुपमा ऊर्जा रुपान्तरणको प्राप्ति हुन्छ। अधिकांश अध्ययनहरूले ऊर्जा दक्षतामा ऊर्जा उत्पादन गर्ने प्रविधिहरूको तुलनामा ऊर्जाको सबैभन्दा कम लागत लागेको देखाएका छन्। साथै, नवीकरणीय ऊर्जाका प्रविधिहरू परम्परागत तथा आयातित ऊर्जा उत्पादन प्रविधिहरूसँग लागतको आधारमा प्रतिस्पर्धा गर्न सक्षम छन्। तसर्थ, एकै समयमा दुवै समाधानहरू प्रयोग गर्दा ऊर्जा प्रणालीको समग्र लागत कम गर्न सकिन्छ। यसबाहेक विभिन्न क्षेत्रमा लगानी र रोजगारी सिर्जना गरेर आर्थिक वृद्धि हासिल गर्न सकिन्छ।

साथै, यसबाट विद्युतशक्ति प्रणाली तादम्यता पनि हुन्छ। प्रसारण प्रणालीको भारमा ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाको प्रभाव समयको साथ भिन्न हुन्छ। उदाहरणका लागि, गर्मीको समयमा ऊर्जा दक्षताले भार कम गर्न सक्छ र नवीकरणीय ऊर्जा प्रविधिहरूले बाँकी भार पूरा गर्नसक्छन्। साथै, तिनीहरूले आपूर्तिका स्रोतहरू विविधीकरण गरेर प्रसारण प्रणालीलाई थप विश्वसनीय बनाउन मद्दत गर्दछन्।

नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतालाई संयुक्त रुपमा कार्यान्वयन गर्दाकुल ऊर्जाको माग घटाउने, कुल राष्ट्रिय ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा बढाउने, ऊर्जा उत्पादनको लागतमा कमी ल्याउने, ऊर्जा स्रोतहरूको विविधता वा समिश्रण सुनिश्चित गरी प्राकृतिक प्रकोपमा अनुकुलन हुन मद्दत गर्ने, ऊर्जा प्रणालीको समग्र सुरक्षामा अभिवृद्धि गर्ने, ऊर्जाको मूल्य घटाएर, लगानीबाट रोजगारी सिर्जना गरी राष्ट्रको आर्थिक वृद्धिमा टेवा पुर्‍याउने तथा विश्वव्यापी कार्बन कटौती गरी जलवायु परिवर्तन न्यूनीकरणमा ठूलो भूमिका खेल्नसक्दछ। नवीकरणीय ऊर्जा र ऊर्जा दक्षताबीच तादम्यता कायम गर्न विश्वव्यापी अनुभवका आधारमा रणनीति बनाई संयुक्त रुपमा लागू गर्नुपर्ने हुन्छ। यसका लागि केही रणनीति अपनाउनु पर्छ। एउटा ऊर्जाको मागमा कमी ल्याउनु हो। जसलाई ऊर्जा दक्षतायुक्त उपकरणहरूको प्रयोग गरेर, भवन निर्माणमा इन्सुलेसनको प्रयोग गरेर, औद्योगिक प्रक्रियाहरू अनुकूलन गरेर, विद्युतीय गाडीको प्रयोग गरेर आदि तरिकाबाट ऊर्जाको मागमा कमी ल्याउन सकिन्छ। यसरी ऊर्जा दक्षताले समग्र ऊर्जाको माग घटाएर, बाँकी ऊर्जाको आवश्यकता नवीकरणीय ऊर्जाबाट पूरा गर्न सहज बनाउँछ। यसले नवीकरणीय ऊर्जा प्रणालीमा छिटो रुपान्तरण गर्दै कार्बन कटौती (डिकार्वोनाइजेशन) को लागत घटाउन मद्दत गर्दछ। अर्कोतिर ऊर्जाको आपूर्तिमा वृद्धि गर्ने रणनीति अपनाउन सकिन्छ। सौर्य, वायु, जलस्रोत, तथा भू-तापीयजस्ता नवीकरणीय ऊर्जा प्रविधिहरूले परम्परागत-जीवाष्म इन्धन तथा आयातित ऊर्जाको विकल्प प्रदान गर्दछन्। यी ऊर्जाहरू प्राकृतिक रुपमा उपलब्ध हुने, स्वच्छ तथा प्रदूषणरहित हुन्छन्। नवीकरणीय ऊर्जा, ऊर्जा दक्षतासँग संयुक्त प्रयोग हुन्छ, नवीकरणीय ऊर्जाको बढ्दो आपूर्तिले अधिक सुरक्षित र किफायती ऊर्जा प्रणालीको सुनिश्चित गर्न सक्दछ।

साथै, उपयुक्त नीति तथा प्रविधिको उपयोग गर्ने रणनीति पनि अबलम्वन गर्न सकिन्छ। भविष्यमा दिगो ऊर्जा हासिल गर्न ऊर्जा दक्षता र नवीकरणीय ऊर्जा प्रविधि दुवैमा निरन्तर नवीनता अपरिहार्य छ। यसका अलावा, उपयुक्त नीतिहरू, निरन्तर नवीनतम् प्रविधिहरूको उपयोग तथा त्यससम्बन्धी सहज नीति निर्माण गरी दुवै पक्षलाई प्रोत्साहित गरेर सकारात्मक प्रतिक्रिया लुप सिर्जना गर्दै एकापसमा तादम्यता कायम गर्न आवश्यक हुन्छ। ऊर्जा आपूर्ति शृङ्खलाको प्रत्येक चरण (प्राथमिक ऊर्जाको स्रोतदेखि उपयोगसम्म) मा चुहावटहरू हुन्छन्। तसर्थ, ऊर्जा आपूर्तिको हरेक चरणमा समग्र प्रणालीको दक्षता बढाउने प्रचुर सम्भावना रहन्छ। नवीकरणीय ऊर्जा, भार केन्द्रको नजिकै हुने, थर्मल ऊर्जा रुपान्तरणको आवश्यकता नपर्ने र धेरै दूरीमा प्रसारण गर्न नपर्ने साथै स्वयम् कुशल हुनुले यसबाट अधिक मात्रामा प्राथमिक ऊर्जा उपलब्ध हुन्छ। विकेन्द्रीकृत नवीकरणीय ऊर्जाको प्रयोगले सम्भावित चुहावटहरू पनि कम गर्दछ। प्रकाश उत्सर्जन डायोड लिड बल्ब ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच तादम्यता सिर्जना गर्ने प्रमुख उदाहरण हो, जसले परम्परागत इन्केन्डिसेन्ट बल्बको तुलनामा छदेखि आठ गुणा अधिक कुशलतापूर्वक समानस्तरको प्रकाश उपलब्ध गराउँछ।

त्यसैगरी, विद्युतीय चुलोबाट पनि परम्परागत चुलोको तुलनामा दुईदेखि छ गुणा बढी कुशलतापूर्वक समानस्तरको खाना पकाउने सेवा प्राप्त गर्न सकिन्छ, जुन तुलनात्मक रुपमा सबैभन्दा स्वच्छ र आधुनिक पनि छ। यातायात क्षेत्रमा आन्तरिक दहन इन्जिन सवारीसाधनको सट्टा विद्युतीय सवारीसाधनको प्रयोगले दुईदेखि चार गुणा बढी कुशलतापूर्क समानस्तरको यातायात सुविधा प्राप्त हुन्छ। यसरी परम्परागत इन्जिनको तुलनामा नवीकरणीय ऊर्जामा आधारित विद्युतीय सवारीसाधनले यातायात क्षेत्रलाई कम कार्बन उत्सर्जन वा शून्य कार्बन अवस्थामा पुर्याउन ठूलो मद्दत गर्दछ। तापीय पम्पजस्ता प्रविधिले ऊर्जा दक्षता र नवीकरणीय ऊर्जाबीच प्राविधिक र आर्थिक तालमेल गर्दछ। तापीय पम्पले औद्योगिक र व्यावसायिक भवनहरूका लागि आवश्यक समानस्तरको ताप माग परम्परागत बोइलरको तुलनामा चार/पाँच गुणा अधिक कुशलतापूर्वक पूरा गर्दछ। यदि, यसलाई नवीकरणीय ऊर्जा आपूर्तिको साथ उपयोग गरेमा समग्र प्रणाली दक्षता अधिक कुशल विद्युत् उत्पादन र प्रसारणको कारण अझ बढी हुन्छ। **रासस**


# किशोरकिशोरीलाई अष्ट्रेलियामा सामाजिक सञ्जाल प्रतिबन्ध

**एजेन्सी, साउन २८**

अष्ट्रेलियाली सरकारले आफ्ना बालबालिकाको सुरक्षा र मानसिक स्वास्थ्यलाई ध्यानमा राख्दै १६ वर्षभन्दा कम उमेरका किशोर-किशोरीहरूका लागि सामाजिक सञ्जाल प्रयोगमा कडाइ गर्ने निर्णय गरेको छ। यो निर्णयले अब टिकटक, फेसबुक, इन्स्टाग्राम, एक्स (पूर्व ट्विटर), स्न्यापच्याट, युट्युब लगायतका लोकप्रिय सञ्जालहरूमा बालबालिकाले स्वतन्त्र रूपमा खाता खोल्न, सामग्री अपलोड गर्न वा अन्य किसिमका अन्तरक्रियात्मक गतिविधि गर्न पाउने छैनन्। यो नियम यही डिसेम्बर महिनादेखि औपचारिक रूपमा लागू हुनेछ।

पहिलो चरणमा युट्युबलाई यस प्रतिबन्धबाट छूट दिइएको थियो तर पछिल्लो समीक्षा र सिफारिसहरूका आधारमा सरकारले युट्युबलाई पनि रोकेको छ। यद्यपि, किशोर-किशोरीहरूले युट्युबमा भिडियो हेर्न भने पाउनेछन्, तर खाता खोलेर कुनै पनि सामग्री अपलोड गर्न, कमेन्ट गर्न, वा 'लाइक' तथा 'शेयर' जस्ता गतिविधि गर्न भने अनुमति दिइने छैन।

सरकारले यस्तो निर्णय गर्नुका पछाडि धेरैवटा कारणहरू रहेको बताइएको छ। अष्ट्रेलियाकी ई-सुरक्षा आयुक्त जुली इनम्यान ग्रान्टले हालै सार्वजनिक गरेको प्रतिवेदन अनुसार, १० देखि १५ वर्ष उमेर समूहका बालबालिकाले सबैभन्दा धेरै 'हानिकारक सामग्री' युट्युबमा हेर्ने गरेको बताएका छन्। ती सामग्रीले उनीहरूमा मानसिक तनाव, डर, भ्रम, आत्मविश्वासमा कमी र आत्मसम्मानमा असर पारेको उल्लेख गरिएको छ। यस्तै प्रमाणहरूका आधारमा युट्युब पनि अब प्रतिबन्धमा पऱ्यो।




युट्युबको स्वामित्व गूगलसँग रहेको छ। कम्पनीले भने आफूलाई सामाजिक सञ्जालको रूपमा नहेर्न आग्रह गर्दै अष्ट्रेलियाको यो निर्णयको विरोध गरेको छ। युट्युबको भनाइमा, 'यो प्लेटफर्मले बालबालिकालाई शिक्षा, सिर्जनशीलता र मनोरञ्जनका माध्यममार्फत सकारात्मक योगदान दिइरहेको छ।' साथै, आफूहरूलाई कार्बाहीको दायरामा राखे कानूनी उपचार खोज्ने गूगलले बताएको छ। कम्पनीको तर्क छ- यस्तो प्रतिबन्धले अभिव्यक्ति तथा राजनीतिक स्वतन्त्रता खुम्च्याउन सक्छ।

अष्ट्रेलियाली सरकार भने आफ्नो निर्णयमा दृढ देखिएको छ। सञ्चारमन्त्री अनिका वेल्सले भनिन्, 'सामाजिक सञ्जालको आफ्नै महत्व त छ तर त्यस्ता प्लेटफर्ममा बालबालिकालाई लक्षित गर्ने लोलुप र खतरनाक एल्गोरिदमका कारण तिनले हानि पुऱ्याइरहेकाले त्यस्ता सञ्जालका लागि कुनै स्थान छैन।' उनले इन्टरनेटको संसारलाई खुला समुद्रसँग तुलना गर्दै भनिन्, 'हामी समुद्रलाई नियन्त्रण गर्न सक्दैनौं, तर समुद्रमा रहेका शार्कहरूलाई नियन्त्रण गर्न सक्छौं। इन्टरनेटमा आफ्ना बच्चालाई सुरक्षित राख्नु खुला समुद्रमा पौडी सिकाउने जत्तिकै चुनौतीपूर्ण हो, तर हामी अभिभावकको साथमा छौं।'

प्रधानमन्त्री एन्थोनी अल्बानिजले पनि अभिभावकहरूलाई समर्थन गरेका छन्। उनले भने, 'यो एकमात्र समाधान होइन भन्ने थाहा छ तर हामीले ल्याएको नीतिले ठूलो फरक पार्नेछ। सामाजिक सञ्जालले हाम्रा बालबालिकाको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पारिरहेको छ। हामी आफ्ना सन्तानको भलाइका लागि कडाइ गर्न बाध्य छौं।' यो कदम दण्डात्मक कारबाही नभएको बरु भविष्यका पुस्तालाई सुरक्षित बनाउन तयारी गरिएको हो।

यो नयाँ प्रतिबन्धले अनलाइन गेमिङ, म्यासेजिङ एप, शिक्षा तथा स्वास्थ्यसम्बन्धी एपहरूलाई केही असर नगर्ने बताइएको छ। ती सेवाहरूले सामाजिक सञ्जालजस्तो गहिरो सामाजिक असर नगर्ने ठहर गरिएको छ।

यदि कुनै प्रविधि कम्पनीले यो प्रतिबन्धको पालना गरेन भने, उनीहरूलाई पाँच करोड अस्ट्रेलियन डलरसम्म जरिवाना तिराइने बताइएको छ। त्यसैगरी, ती कम्पनीहरूले पहिलेबाट खोलिएका अवैध खाता बन्द गर्नुपर्नेछ, नयाँ खाता खोल्नबाट रोक्नुपर्नेछ, उमेरसम्बन्धी त्रुटिहरू सच्याउनु पर्नेछ, नियमबाट बच्ने उपायहरू तत्काल रोक्नु पर्नेछ।

अष्ट्रेलियाको यो नीतिको संसारभर चर्चा र चासोको विषय बन्न पुगेको छ। नर्वेले यस्तै प्रतिबन्ध लागू गर्ने घोषणा गरिसकेको छ भने बेलायतले पनि अष्ट्रेलियाको नजीर अनुशरण गर्ने संकेत दिएको छ।

यस विषयमा थप स्पष्ट विवरण अष्ट्रेलियाली संघीय संसदमा प्रस्तुत गरिएको छ। अब सरकारले यसको कार्यान्वयनका लागि प्राविधिक तयारी, निगरानी संयन्त्र र अभिभावकहरूको सचेतनाका कार्यक्रमहरू अगाडि बढाउने तयारी गरिरहेको छ।

## युरोपेली नेताहरू जेलेन्स्कीसँगको छलफलमा

# 'यूक्रेनबिनाको निर्णय मान्य हुँदैन'

**एजेन्सी, साउन २८**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच शुक्रबार अलास्कामा महत्वपूर्ण वार्ता तय भएको छ। यो वार्ता युक्रेनमा जारी युद्धको सन्दर्भमा निकै संवेदनशील मानिएको छ। तर त्यसअघि, युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र युरोपेली नेताहरूबीच एउटा अनलाइन शिखर सम्मेलन आयोजना गरिएको छ। यसको उद्देश्य भनेको ट्रम्पलाई पुटिनसँगको वार्तामा युक्रेनको हितलाई सुनिश्चित गर्न दबाब दिनु हो। जेलेन्स्की हाल बर्लिन पुगेका छन् र जर्मन चान्सलर फ्रेडरिक मर्जको संयोजनमा हुने यो बैठकमा बेलायत, फ्रान्स, इटाली, पोल्याण्ड, नेटो र युरोपेली संघका नेताहरू पनि सहभागी हुँदैछन्।



युरोपेली नेताहरूले यस शिखर सम्मेलनमार्फत ट्रम्पलाई स्पष्ट सन्देश दिन खोजेका छन्- युक्रेनबिना कुनै निर्णय लिनु स्वीकार्य हुँदैन, विशेषतः बलपूर्वक सीमा परिवर्तन गर्ने कुरा त झनै अस्वीकार्य हो। ट्रम्पले यसअघि शान्ति सम्झौतामा 'कतै कतै भूमि साटासाट हुन सक्छ' भनेर अभिव्यक्ति दिँदा युक्रेन र युरोपका नेताहरूमा गम्भीर चिन्ता उत्पन्न भएको छ। पुटिनले डोनबास क्षेत्रका भूभागहरू युक्रेनले त्याग्नुपर्ने शर्त राख्न सक्ने अनुमान गरिएको छ।





युक्रेनका राष्ट्रपति जेलेन्स्कीले भने यस्ता शर्तहरू मान्नु भनेको रुसलाई भविष्यमा थप आक्रमण गर्ने आधार बनाइदिनु हो भन्दै कडा अस्वीकार गरेका छन्। युक्रेनी भूमि कब्जाधारीलाई उपहारस्वरूप नदिइने प्रस्ट पारेका छन्। युक्रेनको संविधानअनुसार, कुनै पनि भू-भागको साटासाट वा परिवर्तनका लागि जनमत संग्रह आवश्यक पर्छ। सन् २०२२ को फेब्रुअरीमा शुरु भएको यो युद्धमा रुसले हालसम्म करिब २० प्रतिशत युक्रेनी भू-भाग कब्जा गरिसकेको छ। डोनबास क्षेत्र (जहाँ लुगान्स्क र डोनेट्स्क पर्दछन्) सन् २०१४ देखि नै आंशिक रूपमा रुसी नियन्त्रणमा रहे पनि हाल रुसले लगभग पूरै लुगान्स्क र डोनेट्स्कको ७० प्रतिशत भूभाग नियन्त्रणमा लिएको दाबी गरिएको छ।

युक्रेनमा जारी युद्धमा हालसम्म रूसले करिब एक लाख १४ हजार पाँच सय वर्ग किलोमिटर अर्थात् युक्रेनी भूभागको झन्डै १९ प्रतिशत हिस्सा कब्जा गरिसकेको छ। यसमा २०१४ देखि रूसी नियन्त्रणमा रहेको क्रिमिया, साथै पूर्वी डोनबास क्षेत्र (लुहान्स्क र डोनेट्स्क) को अधिकांश भाग, र जापोरिजिया तथा खेरसन क्षेत्रको झन्डै तीनचौथाइ भूभाग पनि पर्छ। साना हिस्सामा रूसको खार्किभ, सुमी र निप्रोपेट्रोस क्षेत्रमा पनि प्रभाव कायम छ। यद्यपि, युक्रेनले रूसी भूभागको कुनै हिस्सा नियन्त्रणमा लिएको छैन। अन्तर्राष्ट्रिय रूपमा अधिकांश देशहरूले सन् १९९१ को सीमाअनुसार युक्रेनको अखण्डताको समर्थन गरेका छन्। रूसले कब्जा गरिएका क्षेत्रहरूलाई आफ्नो हिस्सा भनी कानुनी मान्यता दिइसकेको छ, तर संयुक्त राष्ट्रसंघले त्यसलाई अवैध घोषित गरिसकेको छ।

राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनले नेटो सदस्यता नत्यागेसम्म र कब्जा गरिएका भूभागहरूबारे रूसको दाबी स्वीकार नगरेसम्म शान्ति सम्भव नहुने बताएका छन्। साथै, उनले नेटोको पूर्वतर्फ विस्तार रोक्न कानूनी प्रतिबद्धताको माग गरेका छन्। यस्तो अवस्थामा ट्रम्पको 'दुवै पक्षले जमिन त्याग्नु' भन्ने प्रस्ताव व्यवहारमा कार्यान्वयन हुने अवस्था तत्काल देखिँदैन।

जेलेन्स्कीले मंगलबार पुनः दोहोऱ्याउँदै डोनबास छोड्ने कुनै प्रस्ताव स्वीकार्य नभएको बताएका छन्। यसैबीच, रुसी सेनाले पूर्वी युक्रेनको डोब्रोपिलिया नजिक १० किलोमिटर क्षेत्र कब्जा गरेको छ, जसलाई युक्रेनले 'सूचना युद्ध'को हिस्सा भएको भन्दै रुसले आफ्नो पक्षमा भ्रम फैलाउन खोजेको आरोप लगाएको छ।

ट्रम्प र पुटिनको अलास्काको वार्ता भने जेलेन्स्कीको अनुपस्थितिमा हुँदैछ, जसले युक्रेनमाथि कुनै पनि पीडादायी सम्झौता थोपरिने डर बढाएको छ। युरोपेली नेताहरूले भने युक्रेनले आफ्ना भौगोलिक सीमाको रक्षा गर्ने अधिकार राख्ने र बलपूर्वक सीमाहरू बदल्न पाइँदैन भन्ने अडान स्पष्ट गरेका छन्।

अलास्काको वार्ता 'सुनुवाइमूलक' अर्थात् ट्रम्पको पक्षबाट कुरा बुझ्ने प्रयोजनका लागि हुने ह्वाइट हाउसका प्रवक्ताले जनाएका छन्। ट्रम्पले यस वार्तालाई 'अनुसन्धानमूलक भेट' भन्दै अहिल्यै कुनै ठोस निर्णयको अपेक्षा नगर्न सुझाएका छन्। तर उनले पहिले भनेझैं, आफूलाई शान्ति सम्झौतामा पुग्न सकिने आशा लागेको पनि बताएका छन्।

यसैगरी जर्मनीका चान्सलर मर्जको कार्यालयले यो शिखर सम्मेलनले रुसमाथि कूटनीतिक दबाब सिर्जना गर्ने, क्षेत्रीय सुरक्षा र शान्तिको सम्भावित खाका निर्माण गर्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गरेको छ।

# ब्राजिलको कारखानामा विस्फोट हुँदा नौ जनाको मृत्यु

**एजेन्सी, साउन २८–** ब्राजिलका अधिकारीहरूले दक्षिणी ब्राजिलको एक विस्फोटक पदार्थ उत्पादन गर्ने कारखानामा भएको विस्फोटमा छ जना पुरुष र तीन जना महिलासहित नौ जनाको मृत्यु भएको जनाएका छन्।

अग्निनियन्त्रण विभागका प्रवक्ताले पराना राज्यको राजधानी कुरिटिबामा भएको विस्फोटको कारण लगभग १.५ किलोमिटर वरपरसम्मका भवनहरू क्षतिग्रस्त भएको बताएका छन्। ब्राजिलका अधिकारीहरूले अझै अनुसन्धान भइरहेकाले घटनाको कारण थाहा भइनसकेको बताएका छन्। सार्वजनिक सुरक्षा राज्यमन्त्री कर्नल हडसन लियोन्सियो टेक्सेराले पत्रकारहरूलाई घटनाको क्रममा कारखानामा रहेका नौ जनामध्ये सबैको मृत्यु भएको बताए।

भग्नावशेषबाट सात जना घाइतेलाई उद्धार गरी उपचारका लागि नजिकैको अस्पतालमा लगिएको जनाइएको छ।

# पाकिस्तानको क्वेटाबाट तीस हजारभन्दा बढी अफगानी स्वदेश फिर्ता

**एजेन्सी, साउन २८**

पाकिस्तानको बलुचिस्तान प्रान्त अन्तर्गतको क्वेटाबाट एक महिनाभन्दा कम अवधिमा ३० हजारभन्दा बढी अफगान नागरिकलाई स्वदेश फर्काइएको छ।

कागजात बिना बसोबास गरिरहेका अफगानीहरूलाई नियमन र स्वदेश फिर्तीको प्रक्रिया तीव्र पारिएको हो। यसअघि पाकिस्तानी सरकारले देशभर अवैध रूपमा बसोबास गरिरहेका अफगानीलाई जुलाई ३१ सम्म स्वेच्छिक रूपमा स्वदेश फर्कन समयावधि दिएको थियो। त्यसपछि जबरजस्ती निष्कासन प्रक्रिया तीव्र बनाइएको हो।



कागजातविहीन अफगानीविरुद्धको कारबाहीका लागि प्रहरी, संघीय अनुसन्धान एजेन्सी (एफआईए) र जिल्ला प्रशासनको संयुक्त टोली परिचालित गरिएको छ। मङ्गलबार क्वेटा डिभिजनका आयुक्त शाहजेब खान काकरको अध्यक्षतामा बसेको सुरक्षा समीक्षात्मक बैठकमा हालसम्मको कारबाहीको मूल्याङ्कन गरिएको थियो। बैठकमा अधिकारीहरूले अवैध बसोबासीहरूमाथि थप कडाइका साथ कारबाही गर्न विभिन्न सुरक्षा निकायबीच समन्वय गरिएको जानकारी दिएका छन्।

आयुक्त काकरले कागजातविहीन अफगानीहरूलाई लक्षित गर्दै उनीहरूको बैंक खाता, मोबाइल सिम तथा अन्य डाटाहरूको संकलन गर्न निर्देशन दिएका छन्। साथै, महिला र बालबालिकाको अवस्थाप्रति विशेष संवेदनशीलता अपनाउनसमेत निर्देशन दिइएको छ। यसैक्रममा पाकिस्तानी सेनाले क्वेटा डिभिजनमा जारी कारबाहीको क्रममा बलुच लिबरेशन आर्मी र तेहरीक-ए-तालिबान पाकिस्तानका सदस्यसहित ५० जना आतङ्ककारी मारिएको दाबी गरेको छ।

ती दुवै समूहलाई पाकिस्तानमा प्रतिबन्धित आतङ्ककारी संगठन घोषणा गरिएको छ। तिनीहरूले सुरक्षाकर्मीमाथि बारम्बार आक्रमण गरेको सेनाले बताएको छ। यो अपरेसन विशेष गरी बलुचिस्तान प्रान्तका संवेदनशील क्षेत्रहरूमा लक्षित रहेको बताइएको छ।

पछिल्लो समय पाकिस्तानमा आतङ्कवादी गतिविधि र अवैध आप्रवासन पाकिस्तानी सरकारका लागि टाउको दुखाइ बनिरहेको छ। अफगानिस्तानसँगको खुला सीमा र पछिल्ला राजनीतिक परिवर्तनहरूले पाकिस्तानमा अवैध बसाइ प्रवृत्ति बढेको बताइन्छ।

# भारत 'अलिक हठी' छ : अमेरिकी अर्थमन्त्री



**एजेन्सी, साउन २८**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रूसबाट आयात हुने तेलमा थप २५ प्रतिशत कर लगाउने घोषणा गरेको केही दिनपछि अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले भारतलाई 'अलिक हठी' भएको बताएका छन्। बेसेन्टले मंगलबार फक्स बिजनेस नेटवर्कको 'कुडलो' कार्यक्रममा भारतसँगको व्यापार वार्तामा अझै केही चुनौतीहरू रहेको उल्लेख गरे।

उनले भने, 'त्यहाँ ठूला व्यापारिक सम्झौताहरू छन् जुन अझै पूरा हुन सकेका छैनन्। स्विट्जरल्यान्डसँग कुरा बाँकी छ भने भारत अलिक हठी देखिन्छ। तथापि, हामी सबै महत्त्वपूर्ण देशहरूसँग धेरै हदसम्म सहमत भएका छौं।'

अमेरिकी राष्ट्रपति ट्रम्पले अगस्त ६ मा भारतले रूसी तेल खरिद गरेको भन्दै भारतबाट आयात हुने वस्तुहरूमा थप २५ प्रतिशत कर लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरका थिए। यसले भारतबाट हुने कुल कर ५० प्रतिशत पुऱ्याएको छ। यो अतिरिक्त कर अगस्ट २७ देखि लागू हुनेछ।

ह्वाइट हाउसले जारी गरेको आदेशमा ट्रम्पले भारतद्वारा रूसी तेलको आयातले अमेरिकी राष्ट्रिय सुरक्षा र विदेश नीतिलाई 'असामान्य र असाधारण खतरा' पुऱ्याएको दाबी गरेका छन्।

यस विषयमा भारतको विदेश मन्त्रालयले अमेरिकाको कदमलाई 'अनुचित, अन्यायपूर्ण र अव्याहारिक' भएको भन्दै आलोचना गरेको छ। नयाँ दिल्लीले आफ्नो राष्ट्रिय हितको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने बताइसकेको छ।

ट्रम्पले भारतसँग भन्सारसम्बन्धी विवाद समाधान नभएसम्म कुनै नयाँ व्यापार वार्ता नहुने स्पष्ट पारिसकेका छन्। ओभल अफिसमा एएनआईले नयाँ ५० प्रतिशत भन्सार दर तोकेको सन्दर्भमा वार्ता पुनः शुरु हुने अपेक्षा छ कि छैन भनेर सोध्दा उनले भने, 'छैन, हामीले यो समाधान नगरेसम्म वार्ताको कुनै सम्भावना छैन।'

उनको यो टिप्पणीले भारत-अमेरिका बीचको व्यापार सम्बन्धमा तनाव अझै कायम रहने देखिएको छ।

# दक्षिण कोरियाः पूर्वराष्ट्रपतिका दम्पति काराबासमा

**एजेन्सी, साउन २८**

दक्षिण कोरियाको राजनीतिक इतिहासमा पहिलोपटक एकैसाथ पूर्वराष्ट्रपति र पूर्व प्रथम महिला आपराधिक अभियोगमा जेल परेका छन्। भ्रष्टाचार, पूँजी बजारमा हेरफेर, राजनीतिक हस्तक्षेप, अवैध सम्पति संकलन र महँगा उपहार लिएकोजस्ता गम्भीर अभियोगमा मुछिएकी पूर्व प्रथम महिला किम किओन हीलाई मंगलबार राति पक्राउ गरिएको हो। उनीमाथि शेयरबजार हेरफेर, निर्वाचनमा प्रभाव, अवैध लाभ लिने तथा शक्ति दुरुपयोग गरेकोजस्ता आरोप छ। उनका पति, पूर्व राष्ट्रपति युन सुक योल भने पहिले नै सैनिक शासन घोषणा गरेर संसद् अवरुद्ध गर्ने प्रयासका कारण गत जुलाईदेखि हिरासतमा छन्।

सियोल सेन्ट्रल डिस्ट्रिक्ट अदालतले विशेष अभियोजकको अनुरोधमा किमलाई पक्राउ गर्न अनुमति दिएको थियो। अदालतले अभियोजन पक्षद्वारा पेश गरिएको ८४८ पृष्ठ लामो प्रतिवेदनका आधारमा किमबाट प्रमाण नष्ट हुने खतरा देखिएको भन्दै पुर्जी जारी गरेको हो। उनलाई सियोलको दक्षिणी भागमा रहेको हिरासत केन्द्रमा राखिएको छ। उनलाई अब १० वर्ग मिटर क्षेत्रफलको एकान्त कोठामा, सामान्य सुविधासहित बिताउने छिन्। उनलाई जेल पोशाक, कैदी नम्बर र सामान्य खाजा दिइएको छ। उनका पति युन भने छुट्टै थुनुवा कक्षमा छन्।



किम विगत केही वर्षदेखि विवादमा मुछिदै आएकी थिइन्। सन् २०२२ मा उनलाई महँगो ह्यान्डब्याग दिइएको भिडियो सार्वजनिक भएपछि उनको आलोचना बढेको थियो। त्यस्तै, किम र युनले २०२२ को एक उपनिर्वाचनमा खास उम्मेदवारलाई पार्टीको टिकट दिलाउन दबाब दिएको र चुनावी दलालमार्फत जाली सर्वेक्षणहरू प्रयोग गरिएको आरोप पनि लागेको छ। यस्तै, किममाथि युनिफिकेशन चर्चसँग सम्बन्धित एक व्यवसायीसँग महँगा उपहार लिएको र एक स्थानीय बीएमडब्ल्यू डिलर कम्पनीको शेयर मूल्य हेरफेरमा संलग्न भएको आरोप पनि छ।

मंगलबार किमका निकट सहयोगीलाई भियतनामबाट फर्कंदै गर्दा विशेष टोलीले पक्राउ गरेको छ। उनीमाथि किमसँगको सम्बन्ध प्रयोग गरेर आफ्नो घाटामा गएको कम्पनीका लागि करोडौं डलर लगानी जुटाएको आशंका गरिएको छ। यसै क्रममा एक निर्माण कम्पनीमा छापा मारिएको छ। सो कम्पनीका अध्यक्षले ४३ हजार अमेरिकी डलर बराबरको महँगो नेकलेस किनेको आरोप छ। सो नेकलेस किमले २०२२ को युरोप भ्रमणमा लगाएकी थिइन्। यद्यपि, किमले उक्त गहना नक्कली र सापटी लिएको बताएकी छन्।

पूर्व राष्ट्रपति युनले आफ्नो कार्यकालमा पत्नी माथिका अनुसन्धानहरूलाई निराधार राजनीतिक हमला भन्दै अस्वीकार गर्दै आएका थिए। उनले विपक्षीहरूले संसद्मा पारित गरेका विशेष अनुसन्धानसम्बन्धी विधेयकहरूमा पटक-पटक भिटो समेत लगाएका थिए तर सन् २०२४ को डिसेम्बर ३ मा उनले अचानक सैनिक शासन घोषणा गरेपछि उनीमाथि महाभियोग लाग्यो र २०२५ को अप्रिलमा अदालतबाट पदच्यूत गरिए। उनलाई पुनः जुलाईमा गिरफ्तार गरियो र अहिले उनीमाथि विद्रोह, शक्तिको दुरुपयोग र अन्य गम्भीर अभियोगमा मुद्दा चलिरहेको छ।

नयाँ उदारवादी राष्ट्रपति लि जे म्युङले जुन २०२५ मा सत्ता सम्हालेपछि युन र किम माथिका विभिन्न आरोपहरूको छानबिन गर्न मार्शल ल घोषणा प्रकरण, किममाथिको भ्रष्टाचार प्रकरण र २०२३ मा बाढीका क्रममा एक सैनिकको मृत्यु घटनामा भएको सरकारी ढाकछोप गरी तीनवटा विशेष अनुसन्धान समिति गठन गरेका छन्।

यो घटनाक्रमले दक्षिण कोरियामा प्रजातान्त्रिक मूल्य, राजनीतिक जवाफदेहिता र कानुनी शासनमाथि गहिरो बहस उठाएको छ। जनता, राजनीतिक विश्लेषकहरू र अन्तर्राष्ट्रिय समुदाय सबैले यो प्रक्रियालाई नजिकबाट हेरिरहेका छन्। अब अदालतले के निर्णय गर्छ भन्ने चासो सर्वत्र बढेको छ।

# भैरहवा सेजबाट अहिलेसम्म साढे चार अर्बको निर्यात

news 24

**काठमाडौँ, साउन २८**

भैरहवा स्थित विशेष आर्थिक क्षेत्र (सेज) बाट अहिलेसम्म चार अर्ब ४५ करोड रुपैयाँ बराबरको उत्पादन विदेश निर्यात भएको छ। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बुधबार प्रतिनिधिसभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नहरूको जावाफ दिँदै सेजमा उत्पादन बढ्दै गएको जानकारी दिएका हुन्। उनले सेज भित्र उत्पादित दुई अर्ब २० करोड रुपैयाँको वस्तु आन्तरिक बजारमा बिक्री भएको पनि जानकारी दिए। भैरहवा सेजबाट हालसम्म छ अर्ब ६५ करोड रुपैयाँ बराबरको उत्पादन भइ बिक्री भएको छ।

सेजमा रहेका सबै प्लटहरूमा उद्योग स्थापनाको लागि अनुमति प्रदान गर्नेकाम सकिएको पनि उनले जानकारी दिए। भैरहवा सेजमा ६८ वटा प्लट छन्। निर्यातमुखी उद्योग स्थापना र सञ्चालनका लागि रुपन्देहीको रोहिणी गाउँपालिका वडा नं. १, बगहामा निर्माण गरिएको यो सेज ५२ बिघा क्षेत्रफलमा फैलिएको छ। उद्योगमन्त्री भण्डारीले भैरहवा सेजमा रहेका सबै प्लटहरूमा उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिसकिएकाले अब उत्पादन बढ्ने जानकारी दिए। भैरहवा सेज पूर्णरुपमा सञ्चालन हुँदा वार्षिक १२ अर्ब रुपैयाँको निर्यात हुने अनुमान सरकारको छ। सेजभित्र सञ्चालनमा आएका उद्योगले उत्पादन सुरु गरेको मितिले चार वर्षसम्म उत्पादनको कम्तीमा १५ प्रतिशत र त्यसपछिका वर्षमा उत्पादनको कम्तीमा ३० प्रतिशत वस्तु तथा सेवा निर्यात गर्नुपर्नेछ।

मन्त्री भण्डारीले सिमरा विशेष आर्थिक क्षेत्रको सबै प्लटहरूमा उद्योग स्थापनाको लागि अनुमति प्रदान गरिएको पनि जानकारी दिएका छन्। हालसम्म सिमरा सेजबाट कूल एक अर्ब छ करोड रकम बराबरको उत्पादन बिक्री भइसकेको पनि उनले बताए। सिमरा ब्लक 'बि' र 'सी' तथा पाँचखाल सेजलाई सार्वजनिक निजी साझेदारी (एएए) ढाँचामा सञ्चालनका लागि मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान भइ सिमरा सेजको प्रस्ताव आव्हान गर्ने तयारीमा रहेको र पाँचखाल सेजको लगानी बोर्ड नेपालको कार्यालयमार्फत प्रस्ताव आह्वान भइ मूल्यांकन प्रक्रियाम रहेको जानकारी दिए। विशेष आर्थिक क्षेत्रमा उद्योगहरू स्थापना भई आर्थिक गतिविधि थप चलायमान भएको, निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याएको, देशको औद्योगिक विकास तथा रोजगारी सिर्जना गर्ने कार्यमा सेजको महत्वपूर्ण योगदान रहेकाले विशेष आर्थिक क्षेत्रको औचित्य पुष्टि हुँदै गएको उनले बताए।



**सेजभित्र सञ्चालनमा आएका उद्योगले अहिलेसम्म ४ अर्ब ४५ करोडको वस्तु विदेश निर्यात गरेका छन् भने २ अर्ब २० करोडको आन्तरिक बजारमा बिक्री गरेका छन्**

सरकारले देशमा रोजागरीका अवसरहरू सिर्जना गर्ने, निर्यातमुखी उद्योगहरूलाई प्रवर्धन गर्दै देशको अर्थतन्त्रमा सुधार गर्ने योजनाअनुरुप विशेष आर्थिक क्षेत्र (सेज)को अवाधारणा अघि सारेको हो। सेजमा सञ्चालन भएका उद्योगहरूले तीन वर्षसम्म जग्गा भाडादरमा छुट पाउनेछन्। पहिलो वर्ष ५० प्रतिशत, दोस्रो वर्ष ४० प्रतिशत र तेस्रो वर्ष २५ प्रतिशत छुट पाउन सक्नेछन्। यसबाहेक आयकरमा पनि छुट सविुधा छ। व्यावसायिक सञ्चालनको पहिलो पाँच वर्षमा १०० प्रतिशत कर छुट हुने छ भने त्यसपछि ५० प्रतिशत छुट हुनेछ। पहाडी र हिमाली जिल्लाका बासिन्दाले १० वर्षका लागि १०० प्रतिशत र बाँकी सम्झौताका लागि ५० प्रतिशत कर छुट पाउनेछन्। यसबोक लाभांश, मूल्य अभिवृद्धि कर, भन्सार महसुल लगायतमा पनि छुट पाउने व्यवस्था छ।

व्यावसायिक सञ्चालन मिति पछिको सुरुवाती पाँच वर्षका लागि लाभांश छुट १०० प्रतिशत हुनेछ भने त्यसपछिको तीन वर्षको लागि ५० प्रतिशत छुट हुनेछ। मूल्य अधिवृद्धि करमा पनि निर्यातमा भ्याट लाग्ने छैन भने सेज भित्रका उद्योगहरूलाई बेचिने कच्चा पदार्थ र उत्पादनहरूमा पनि शून्य भ्याट लाग्नेछ।

# जगदुल्ला हाइड्रोपावरको निर्माण अघि बढ्यो

## १२ अर्ब १८ करोडमा ठेक्का

news 24

**काठमाडौँ, साउन २८**

कर्णाली प्रदेशको डोल्पा जिल्लामा निर्माण हुने १०६ मेगावाटको जगदुल्ला जलविद्युत आयोजनाको सिभिल तथा हाइड्रोमेकानिकल कार्यका लागि ठेक्का सम्झौता भएको छ। आयोजनाको प्रवर्द्धक जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले चीनको जियाङसी कन्स्ट्रक्सन इन्जिनियरिङ (ग्रुप) कर्पोरेसन लिमिटेड र नेपालको एएनके कन्स्ट्रक्सन जेभीसँग सिभिल तथा हाइड्रोमेकानिकल कार्यका लागि ठेक्का सम्झौता गरेको हो।




लट-२ अन्तर्गत आयोजनाको सिभिल संरचना निर्माण तथा हाइड्रोमेकानिकल उपकरण आयात एवं जडानका लागि इन्जिनियरिङ प्रोक्युरमेन्ट एण्ड कन्स्ट्रक्सन (इपिसी ) मोडलमा १२ अर्ब १८ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले बताए। उनका अनुसार इपीसी मोडलमा ठेक्का सम्झौता भएकाले ठेकेदार कम्पनी अबको ६ महिनाभित्र पूर्ण डिजाइन तयार पारी आयोजना स्थलमा परिचालन भइसक्नेछ।

उनले ठेकेदार कम्पनीले नै आयोजनाको पूर्ण डिजाइन तयार पारेर संरचना निर्माणको काम सुरु गर्ने बताए। लट-२ को प्याकेजको ठेक्का आह्वान गरिएको बोलपत्रमा सहभागी भएका ४ कम्पनी मध्ये अनुमानित लागतभन्दा १० प्रतिशत कम रकम प्रस्ताव गर्ने कम्पनीसँग ठेक्का सम्झौता गरेको पनि सापकोटाले बताए। उनले ठेकेदार कम्पनीले सम्झौता भएको मितिले साढे ४ वर्ष भित्र आयोजनाको निर्माण कार्य पूरा गर्नुपर्ने छ। लट-१ अन्तर्गत आयोजनाको आवासगृह, पहुँच मार्ग, पुल लगायतका संरचना निर्माणका लागि ठेक्का सम्झौता भई आयोजना स्थलमा काम भइरहेको सापकोटाले बताए।

अब लट-३ र लट-४ को ठेक्का सम्झौता हुन बाँकी छ। लट-३ अन्तर्गत आयोजनाको विद्युतगृहका इलेक्ट्रोमेकानिकल उपकरणको आयात तथा जडानका लागि र लट-४ अन्तर्गत प्रसारण लाइन निर्माणका लागि ठेक्का सम्झौता हुन बाँकी छ। कम्पनीले २०८१ जेठ २० मा सिभिल र हाइड्रोमेकानिकल कार्यका लागि इपिसी ठेक्का आह्वान गरेको थियो। तर, ठेक्का प्रक्रिया विवादमा परेपछि २०८१ पुस २२ मा ठेक्का प्रक्रिया नै रद्द गरिएको थियो। डोल्पाको जगदुल्ला गाउँपालिका वडा नं. १ हुरिकोटमा आयोजनाको बाँध क्षेत्रका संरचना निर्माण हुनेछन्। मुड्केचुला गाउँपालिका वडा नं. ४ मा भूमिगत विद्युतगृह निर्माण हुनेछ।

प्रवर्द्धक कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच आयोजनाको विद्युत खरिद सम्झौता (पिपिए) भइसकेको छ। विद्युत प्राधिकरणले पिपिए सम्झौताअनुसार आयोजनाले उत्पादन गर्ने विद्युत सुख्खायामको ६ महिनामा प्रतियुनिट ८ रुपैयाँ ४० पैसा, वर्षायाममा प्रतियुनिट ४ रुपैयाँ ८० पैसा तथा पिक आवरमा प्रतियुनिट १० रुपैयाँ ५५ पैसामा खरिद गर्नेछ। आयोजना निर्माण गर्न २४ अर्ब १७ करोड ४८ लाख ९२ हजार रुपैयाँ लागत अनुमान गरिएको छ। कूल लागतको ७० प्रतिशत (१६ अर्ब ९२ करोड रुपैयाँ) बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने छ। ३० प्रतिशत (७ अर्ब २५ करोड रुपैयाँ) स्वपुँजी लगानी छ।

आयोजनाका लागि स्वदेशी बैंक तथा वित्तीय संस्थाहरूसँग वित्तीय व्यवस्थापन सम्झौता सम्पन्न भइसकेको छ। आयोजनामा नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) को अगुवाइमा हाइड्रोइलेक्ट्रिसिटी एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल), कर्मचारी सञ्चय कोष र नबिल बैंकले ऋण लगानी गर्ने गरी वित्तीय व्यवस्थापन सम्झौता गरिएको छ।

आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आउँदा वार्षिक वार्षिक ६२३ दशमलव ४७ गिगावाट घन्टा विद्युत उत्पादन हुनेछ। कूल उत्पादनमध्ये वर्षायाममा ४३० दशमलव २३ गिगावाट घन्टा र सुख्खायाममा १९३ दशमलव २४ गिगावाट घन्टा विद्युत् उत्पादन हुनेछ। आयोजना निर्माण सम्पन्न भई उत्पादन हुने विद्युत ३८ किलोमिटर दुरीमा निर्माण हुने नलगाड हब सबस्टेसनमा जोडिनेछ।

## एनआइसी एशियाका ग्राहकलाई छुट

काठमाडौं (संवाददाता) - एनआइसी एशिया बैंकका ग्राहकले पोखराको माउन्टेन ग्लोरी फरेष्ट रिसोर्ट एण्ड स्पामा छुट पाउने भएका छन्। छुट दिने सम्बन्धमा बैंक र रिसोर्टबीच सम्झौता भएको छ। सम्झौता अनुसार एनआईसी एशियाका ग्राहकले पोखरामा रहेको माउन्टेन ग्लोरी फरेष्ट रिसोर्ट एण्ड स्पामा सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट पाउने छन्।



रिसोर्टमा खाना तथा पेय पदार्थ, स्पा र आवास सेवा लिँदा उक्त छुट पाउने बैंकले जनाएको छ। छुट पाउनका लागि एनआईसी एशियाको डेबिट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड र मोबैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। माउन्टेन ग्लोरी फरेष्ट रिसोर्ट एण्ड स्पासँगको यस सहकार्यले बैंकका ग्राहकलाई छुट सुविधा उपलब्ध हुनुको साथै मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने विश्वास बैंकले लिएको छ।

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

TARGET
CONSULTANT HUMAN RESOURCES (P)LTD

P.O.Box: 10348, Sinamangal-9
Shambhu Marga, Kathmandu
Tel: 977-1-5911250
Fax: 977-1-5911251

E-mail: info@targetnepal.com, website: www.targetnepal.com

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले दैनिक पत्रिका

news 24 दैनिक

प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको उत्तरोत्तर प्रगति र पूर्ण सफलताको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।


Manab Bista
Chairman

MANPOWER SCAN

Sahitya Marga, House No. 111
Behind Hotel Dwarika,
Gaushala-9, Kathmandu
Tel: 01-5915369, 5914369

Info@manpowerscan.com.np, www.manpowerscan.com.np

# शेयरबजारको पहिरो रोकिएन




news 24
**काठमाडौं, साउन २८**

शेयरबजारमा घट्दो क्रमले बुधबार पनि निरन्तरता पाएको छ। कारोबार मापक नेप्से परिसूचक १०.५० अंकले घटेर २७८५.७४ विन्दुमा झरेको छ। कारोबार भएका २४९ कम्पनीमध्ये १५९ वटाको शेयरमूल्य घट्दा बजारमा दबाब परेको हो। यसदिन ८९ कम्पनीका शेयरधनीले कमाएका छन्। बाँकी एउटा कम्पनीको शेयरमूल्य स्थिर रहेको छ।

'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ सूचक ०.३३ प्रतिशत घटेर ४७९.७६ विन्दुमा कायम भएको छ। यस्तै, साधारण शेयरको कारोबार मापन गर्ने फ्लोट सूचक ०.३६ प्रतिशत घटेर १९१ विन्दुमा झरेको छ। सेन्सिटिभ फ्लोट सूचक पनि ०.३९ प्रतिशत घटेर १६३.८९ विन्दुमा कायम भएको छ।

परिसूचक घट्न थालेपछि बजारमा लगानीकर्ताको चहलपहल पनि न्यून देखिन्छ। त्यसैले कारोबार रकम बढ्न सकेको छैन। कुल ६ अर्ब १६ करोड १८ लाख ९४ हजार रुपैयाँ बराबरको १ करोड ५८ लाख ४७ हजार ८७३ कित्ता शेयर किनबेच भएको छ। नेप्से दैनिक रातो बन्दै गएपछि छोटो समयमा नाफा कमाएका लगानीकर्ताले बिक्री बढाएका छन्। यहीकारण बजारमा बिक्री चाप परेको छ।

| प्रमुख विवरण | |
|---|---|
| नेप्से सूचक | २,७८५.७४ |
| कारोबार रकम (रु) | ६,१६१,८९४,७३४.५५ |
| कारोबार भएको शेयर संख्या | १५,८४७,८७३ |
| कारोबार भएका कम्पनी | २४९ |
| बजार पुँजीकरण | ४,६५१,८९२,३३३,९०० |

**समूहगत सूचक**

| उपसमूह | सूचक अंकमा | परिवर्तन प्रतिशत |
|---|---|---|
| बैंकिङ | १,४५४.४५ | -०.६९ |
| विकास बैंक | ५,८४९.१४ | ०.३५ |
| फाइनान्स | २,५१५.३० | ०.०४ |
| होटल तथा पर्यटन | ६,९६३.८६ | -०.५४ |
| जलविद्युत् | ३,६०९.८३ | -०.३० |
| लगानी | ११२.११ | -०.०२ |
| जीवन बीमा | १३,०७८.८३ | -०.५६ |
| उत्पादन तथा प्रशोधन | ७,५९४.०५ | -०.१० |
| लघुवित्त | ५,२४२.६४ | -०.२२ |
| म्युच्युअल फण्ड | २०.५६ | ०.१७ |
| निर्जीवन बीमा | १२,४५३.५८ | -०.२७ |
| व्यापार | ४,१३५.२९ | -१.५० |
| अन्य | २,६१३.८३ | ०.०३ |

सूचीकृत १३ समूहमध्ये विकास बैंक, होटल तथा पर्यटन, म्युचुअल फण्ड र अन्य समूह बढेका छन्। विकास बैंक समूह सबैभन्दा धेरै ०.३५ प्रतिशत बढेको छ। त्यसपछि म्युचुअल फण्ड ०.१७, फाइनान्स ०.०४ र अन्य ०.०३ प्रतिशत बढेको छ। बाँकी सबै समूह घटेका छन्। सबैभन्दा धेरै व्यापार समूह १.५० प्रतिशत घटेको छ। त्यसपछि बैंकिङ समूह ०.६९, जीवन बीमा ०.५६, होटल तथा पर्यटन ०.५४, जलविद्युत ०.३०, निर्जीवन बीमा ०.२७, लघुवित्त ०.२२, उत्पादन तथा प्रशोधन ०.१० र लगानी ०.०२ प्रतिशत घटेको छ।

**सर्वाधिक मूल्य बढेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | बढेको मूल्य | घटेको मूल्य प्रतिशतमा |
|---|---|---|---|
| मायाखोला हाइड्रोपावर क.लि. | ४६१.१३ | २५.०५ | ५.७४ |
| नेपाल रिपब्लिक मिडिया लि. | ४९२.१५ | १७.३६ | ३.६६ |
| सप्तकोशी डेभलपमेन्ट बैंक | ८६८.१७ | २७.९७ | ३.३३ |
| समाज लघुवित्त वित्तीय संस्था लि. | २,८८५.१२ | ९२.४९ | ३.३१ |
| ग्रीन डेभलपमेन्ट बैंक | १,२०३.१४ | ३३.४९ | २.८६ |

**सर्वाधिक मूल्य घटेका पाँच कम्पनी**

| कम्पनी | अन्तिम मूल्य | घटेको मूल्य | मूल्य वृद्धि प्रतिशतमा |
|---|---|---|---|
| सिक्लेस हाइड्रोपावर लि. | ९५७.९६ | -७४.५५ | -७.२२ |
| बलेफि हाइड्रोपावर लि. | २०२.३५ | -७.२४ | -३.४५ |
| उपकार लघुवित्त वित्तीय संस्था लि. | ३,५३०.१३ | -१०२.८२ | -२.८३ |
| सिटी होटल लि. | ६१८.४१ | -१७.७९ | -२.८९ |
| अपर सोलु हाइड्रो इलेक्ट्रिक क.लि. | ४६७.३१ | -११.३७ | -२.३८ |

**सर्वाधिक कारोबार भएका पाँच कम्पनी**

| कम्पनी | कारोबार रकम | अन्तिम मूल्य |
|---|---|---|
| बलेफि हाइड्रोपावर लि. | ३४१,१२१,०९६ | २०५.०० |
| युनाइटेड मोदी हाइड्रोपावर लि. | २७४,७४२,४४१ | ६०५ |
| शिवम् सिमेन्ट्स लि. | २४०,०४५,३१९ | ६३३.६० |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १९१,२८३,८८४ | २,२२०.०० |
| नेपाल रिइन्स्योरेन्स क.लि. | १८३,७७०,३६१.६० | १,५४०.०० |

मायाखोला हाइड्रोपावर कम्पनीको शेयरमूल्य सबैभन्दा धेरै ५.७४ प्रतिशत बढेको छ। त्यसपछि नेपाल रिपब्लिक मिडियाको ३.६६, सप्तकोशी डेभलपमेन्ट बैंकको ३.३३, समाज लघुवित्त वित्तीय संस्थाको ३.३१, ग्रीन डेभलपमेन्ट बैंकको २.८६ प्रतिशतले शेयरमूल्य बढेको छ।

सबैभन्दा धेरै १०.२५प्रतिशत केबीएल डिबेन्चर २०८६को इकाइ मूल्य ९.४८ प्रतिशत घटेको छ। कारोबारमा आएका सूचीकृत कम्पनीमध्ये सिक्लेस हाइड्रोपावरको शेयरमूल्य ७.२२ प्रतिशत घटेको छ। त्यसपछि बलेफि हाइड्रोपावरको ३.४५, उपकार लघुवित्त वित्तीय संस्थाको २.८३, सिटी होटलको २.८० र अपर सोली हाइड्रो इलेक्ट्रिक कम्पनीको २.३८ प्रतिशतले घटेको छ।

लगानीकर्ताको सम्पत्ति बुधबार मात्रै १८ अर्ब रुपैयाँ घटेको छ। बजार पुँजीकरण ४६ खर्ब ५१ अर्ब रुपैयाँ कायम भएको छ। साधारण सेयरतर्फको बजार पुँजीकरण पनि ५ अर्ब रुपैयाँ घटेर १५ खर्ब ७७ अर्ब रुपैयाँ कायम भएको छ।

# धितोपत्र बोर्डको सञ्चालकमा ढकाल



news 24
**काठमाडौं, साउन २८**

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकाल नेपाल धितोपत्र बोर्ड (सेबोन)को सञ्चालक समिति सदस्यमा नियुक्त भएका छन्। नेपाल धितोपत्र ऐन २०६३ को धारा ३ मा भएको व्यवस्था अनुसार उनी सेबोनको सदस्य पदमा नियुक्त भएका हुन्।

ऐनमा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधी नेपाल धितोपत्र बोर्ड (सेबोन) को सदस्य हुने व्यवस्था छ। महासंघका महानिर्देशक गोकर्ण अवस्थी सेबोन सञ्चालकबाट बाहिरिएपछि रिक्त पदमा ढकाल नियुक्त भएका हुन्। अब ढकालले सेबोनमा निजी क्षेत्रको प्रतिनिधित्व गर्नेछन्। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको तर्फबाट उनलाई सेबोन सदस्यका रुपमा मनोनयन गरि पठाएका हुन्।

सेबोन सदस्य नियुक्त भएपछि ढकालले पूँजीबजारलाई राष्ट्रिय अर्थतन्त्रको दिगो स्रोतको रूपमा विकसित गर्न निजी क्षेत्र र सरकारी निकायबीचको सहकार्यलाई सुदृढ बनाउन भूमिका खेल्ने बताए।

शेयरबजारको संरचनात्मक सुधार, पारदर्शिता अभिवृद्धि, लगानीकर्ता संरक्षण, बजारको पहुँच विस्तार र दीर्घकालीन लगानीलाई प्रोत्साहन दिने नीतिगत तथा संस्थागत पहलमा आफुले सक्दो योगदान दिने पनि ढकालले बताए।

सेबोन सञ्चालक समितिमा अर्थ मन्त्रालयबाट सहसचिव महेश बराल, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहसचिव विनोदकुमार भट्टराई, नेपाल राष्ट्र बैंकबाट कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, र विज्ञका रुपमा भोलानाथ ढुंगाना सदस्य छन्। यस्तै, इस्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्स अफ नेपाल (आइक्यान)को प्रतिनिधित्व गर्ने सदस्य पद भने रिक्त छ।

# सरकारलाई वित्तीय अनुशासन कायम गर्न सुझाव

काठमाडौँ। संघीय सञ्चित कोष ऋणात्मक रहेकाले सांसदहरूले वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिएका छन्। महालेखापरीक्षकको ६२औँ वार्षिक प्रतिवेदनमा समेटिएका मूलभूत पक्षमाथि राष्ट्रियसभा अन्तर्गत 'संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति'मा बुधबार भएको छलफलमा सरकारलाई यस्तो सुझाव दिएका हुन्।

सांसदहरूले सञ्चित कोषको ऋणात्मक अवस्थामा सुधार ल्याउन र वित्तीय अनुशासन कायम गर्नुपर्नेमा जोड दिएका हुन्। समितिका सभापति सोनाम गेल्जेन शेर्पाले राज्यको बेरुजु कम गर्दै आर्थिक पारदर्शिता कायम गर्नुपर्ने बताए। 'राज्य कोषको ऋण कम गर्ने उपायको खोजी गर्नुपर्ने र बेरुजु घटाउन स्थानीय तहलाई सशक्तिकरण गर्नुपर्छ,' उनले भन्नुभयो। सांसद नारायणदत्त मिश्रले वित्तीय अनुशासन कायम गरेर राज्य कोषको ऋणात्मक अवस्थामा सुधार ल्याउनुपर्नेमा जोड दिए। सांसद जगप्रसाद शर्माले श्रम र बचत नगर्ने तर भ्रष्टाचार गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताए।

सांसद किरणबाबु श्रेष्ठले आर्थिक अनुशासन कायम हुनुपर्ने बताए। महालेखापरीक्षक तोयम रायाले महालेखापरीक्षकको प्रतिवेदनमा आगामी दिनमा सुधार गर्नुपर्ने पक्षको विषयमा छलफल गर्न पनि आग्रह गरे।

संघमा भन्दा स्थानीय तहमा बेरुजुको अवस्था सुधार भइरहेको उनको भनाइ छ। 'स्थानीय तहमा आठ प्रतिशतसम्म बेरुजु असुल गर्न बाँकी रहँदा संघमा ३० प्रतिशत बेरुजु असुल गर्न बाँकी छ,' रायाले भने। महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीले तीन तहका एकल र साझा अधिकार सूचीका विषय कानुनी स्पष्टतासहित कार्यान्वयन गरिनुपर्ने धारणा राखे।

आर्थिक वर्ष २०८०/८१ को कूल बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँ रहेकामा त्यसको १४.६४ प्रतिशत अर्थात दुई खर्ब ५६ अर्ब ४१ करोड तीन लाख रुपैयाँ रकमान्तर भएको छ। - *रासस*

# याडिया भेलाक्सको स्टक अफर



काठमाडौं (संवाददाता)- आठ वर्षदेखि दुईपांग्रे ब्राण्डको इलेक्ट्रिक सवारी बिक्री गर्दै आएको याडिया भेलाक्सले नेपाली बजारमा स्टक अफर घोषणा गरेको छ। नेपालका लागि आधिकारिक वितरक कुजु नेपाल प्रालिले याडिया भेलाक्सको मूल्यमा अफर सार्वजनिक गरेको हो।

कम्पनीले यसअघि दुई लाख ८५ हजार पर्ने याडिया भेलाक्स इलेक्ट्रिक स्कुटरको मूल्य घटाएर दुई लाख ४५ हजार रुपैयाँ तोकेको छ। याडिया भेलाक्स विश्वभर ७० लाखभन्दा बढी युनिट बिक्री भइसकेको स्कुटर हो।

याडिया भेलाक्स ३२०० वाटको मोटर र १७२ एनएम टर्क सहित, ६२ किमी/घण्टाको उच्चतम गतिसम्म पुग्ने कम्पनीले जनाएको छ। यो स्कुटर एक पटकको चार्जमा १०० किमीसम्मको दूरी तय गर्न सक्ने र यसको ब्याट्रीले उच्च सुरक्षा, थर्मल स्थिरता, र लामो जीवनचक्र प्रदान गर्नुका साथै जहाँपनि सजिलै चार्ज गर्न सकिन्छ।

डिजाइन र सुविधाको दृष्टिले भेलाक्समा सजिलो पार्किङ तथा ह्यान्डलिङका लागि रिभर्स मोड, लामो यात्रालाई सहज बनाउन क्रूज कन्ट्रोल, र अतिरिक्त सुरक्षा प्रदान गर्ने फ्रन्ट/रियर डिस्क ब्रेक सिस्टम विथ CBS जस्ता विशेषताहरू छन्। यसमा १७० मिमी ग्राउन्ड क्लिरेन्स छ जसले विभिन्न सडक परिस्थितिमा सजिलै चलाउन मद्दत गर्छ।

कम्पनीले याडियाले भेलाक्समा ब्याट्री र मोटर दुवैका लागि ३ वर्ष वा ५० हजार किमी वारेन्टी प्रदान गरेको छ।

# डाँडाखेत सबस्टेसनमा उपकरण जडान हुँदै

news 24
**काठमाडौं, साउन २८**

म्याग्दीको मालिका गाउँपालिका-७ स्थित १३२/३३ केभी डाँडाखेतमा सबस्टेसनको निर्माण पूरा भएको छ। म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोड्ने गरी १३२ केभी डाँडाखेत-राहुघाट प्रसारण लाइन अन्तर्गत यो सबस्टेसन निर्माण गरिएको हो।

सबस्टेसनका सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गरी उपकरणहरू जडान गर्न सुरु गरिएको आयोजना प्रमुख प्रमुख रोशन अग्रवालले बताए। उनका अनुसार सबस्टेसनमा अहिले उपकरण जडान कार्य धमाधम भइरहेको छ। 'सबस्टेसनमा पावर ट्रान्सफर्मर जडान कार्य अन्तिम चरणमा पुगेको छ,' उनले भने, 'सबस्टेसनमा एआइएस प्रविधिका उपकरणहरू जडान गरेका छौं।'

डाँडाखेतदेखि राहुघाटसम्म २५ किलोमिटर लामो १३२ केभी प्रसारण लाइन तथा डाँडाखेत र राहुघाटमा



सबस्टेसन निर्माण गर्न सन् २०२१ को डिसेम्बर ३१ मा ३ अर्ब ५७ करोड रुपैयाँमा लार्सन एण्ड टुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो। गत जुलाई १६ मा सकिएको ठेक्का सम्झौताको म्याद आगामी कात्तिक २९ गतेसम्म थप भएको छ।

अहिलेसम्म प्रसारण लाइनतर्फ करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको अग्रवालले जानकारी दिए। उनका अनुसार राहुघाटकमा कमजोर भौगर्भिक अवस्था एवं विपद्को जोखिम, वन क्षेत्रमा टावर निर्माणका लागि अनुमति पाउन भएको ढिलाइ तथा केही टावर निर्माणस्थलमा समुदायको विवादका कारण निर्माण अवधि लम्बिएको हो।

प्रसारण लाइनको रुटमा ५९ वटा टावरको जग राखिएको छ। ४५ वटा टावर ठड्याउने काम पनि सम्पन्न भइसकेको अग्रवालले बताए। उनका अनुसार ४ वटा बाहेक सबै टावर निर्माणको काम अगाडि बढेको छ। प्रसारण लाइनको संरचनामा जडान हुने उपकरणमध्ये ८५ प्रतिशत आयात भइसकेको छ।

प्रसारण लाइन र सबस्टेसन निर्माणका लागि कूल ४ अर्ब ८८ करोड रुपैयाँ लागत अनुमान गरिएकोमा १ अर्ब ५ करोड रुपैयाँ नेपाल विद्युत विद्युत प्राधिकरणले लगानी गरेको छ। बाँकी ३ अर्ब ८२ करोड रुपैयाँ एसियाली विकास बैंक (एडिबी) को ऋण लगानी छ।

निर्माणाधीन प्रसारण लाइनमा प्रवाह हुने गरी म्याग्दी नदीमा १७२.८ मेगावाटका ४ जलविद्युत आयोजना निर्माणाधीन छन्। राहुघाट नदीमा निर्माण भएका ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले र २१.३ मेगावाटको ठूलोखोला जलविद्युत आयोजनाले विद्युत उत्पादन गरिरहेका छन्।

निर्माणाधीन प्रसारण लाइन पूरा भइनसकेकाले यी आयोजनाको विद्युत चिमखोला-राहुघाट-मंगले र ठूलोखोला आयोजनाको विद्युत कालीगण्डकी करिडोर प्रसारण लाइनमा प्रवाह गरिएको छ। राहुघाट नदीमा ४८.५ मेगावाटको अपर राहुघाट, ४० मेगावाटको राहुघाट र २३.५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा छन्।

# एनसेलको सहयोगमा अनुसन्धानमूलक जर्नल 'संग्रहालय'



काठमाडौँ (संवाददाता)- एनसेल फाउण्डेसन, आइकम नेपाल र नारायणहिटी दरबार संग्रहालयको साझेदारीमा संग्रहालयको आधारभूत मान्यता, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यास र इतिहासका विभिन्न पक्षहरू समेटिएको अनुसन्धानमूलक जर्नल 'संग्रहालय' विमोचन गरिएको छ। नारायणहिटी दरबार संग्रहालयमा बुधबार आयोजित एक कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जर्नलको विमोचन गरेका हुन्।

मन्त्री पाण्डेले नेपालको संग्रहालयका विभिन्न आयाम उल्लेख गरी भएको जर्नल प्रकाशन उत्कृष्ट प्रयास भएको उल्लेख गर्दै जर्नल प्रकाशनमा एनसेल फाउण्डेसनको सहयोगले संस्कृतिको संरक्षण र प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिताको प्रशंसा गरे। मन्त्री पाण्डेले हाल संग्रहालयहरूको दर्ता, मापदण्ड तथा व्यवस्थापनका सम्बन्धमा सरकारले नीतिगत तहमा काम गरिरहेको जानकारी दिए।

एनसेलकी कर्पोरट कम्युनिकेशन एन्ड सस्टेनेबिलिटी डाइरेक्टर विशाखा लक्ष्मी खड्काले नेपाली कला र सांस्कृतिक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन एनसेल फाउण्डेसनको प्राथमिकतामा रहेको बताइन्।

नेपालका लागि युनेस्कोका प्रतिनिधि याको दु तोइले सांस्कृतिक प्रवर्द्धन, सामुदायिक छलफल र शिक्षाका लागि नेपालका संग्रहालयले भूमिका खेलेको उल्लेख गर्दै संग्रहालय संस्कृतिको थप विकास गर्नुपर्ने आवश्यकता औँल्याए। इन्टरनेशनल काउन्सिल फर म्युजियम (आइकम) नेपालका अध्यक्ष रमेशप्रसाद दवाडीले आइकमले नेपालमा संग्रहालयको दायरा फराकिलो पार्दै संस्कृति संरक्षणमा काम गर्ने बताए।

जर्नल एनसेल फाउण्डेसनको सहयोगमा अन्तर्राष्ट्रिय संग्रहालय परिषद्को नेपाल शाखा आइकम नेपालले नारायणहिटी दरबार संग्रहालयसँगको साझेदारीमा सञ्चालन गरेको एक वर्षे परियोजना 'संग्रहालयमार्फत संस्कृति र सम्पदाको प्रवर्द्धन' अन्तर्गत प्रकाशन गरिएको हो।

तालिम संग्रहालय, प्रदेश, स्थानीय र संघीय सरकारका सम्बन्धित निकायसँग समन्वय गरी सञ्चालन गरिएकाले तीन वटै तहका सरकार तथा समुदाय र निजी संग्रहालयलाई जोडेर संग्रहालयका आधारभूत विषयमा छलफल समेत गर्न सहयोग पुऱ्याएको जनाइएको छ।

परियोजनाअन्तर्गत नेपालको पहिलो संग्रहालय स्थापना भएको समयदेखि हालसम्मको इतिहास र सो अवधिको यात्रा देखाउने श्रव्य-दृश्य वृत्तचित्र निर्माण पनि सम्पन्न भएको छ। वृत्तचित्रले संग्रहालयको इतिहास र अहिलेको अवस्थालाई समावेश गरेको छ।

आइकम नेपालले यो परियोजना नेपाल सरकारको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको समन्वय तथा स्थानीय र प्रदेश सरकारहरूको सहकार्यमा कार्यान्वयन गरेको हो।

# सीआइटीसँग नेरुडे र उपकार लघुवित्तको सम्झौता

काठमाडौं (संवाददाता) - नागरिक लगानी कोष (सीआइटी) ले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था र उपकार लघुवित्त वित्तीय संस्था आवद्ध भएका छन्। यी दुई लघुवित्तका १ हजार २ सय भन्दा बढी कर्मचारी कोषमा आवद्ध भएका हुन्।

नेरुडे लघुवित्तमा करिब १ हजार १ सय जना कर्मचारी छन् भने उपकार लघुवित्तमा एकसय भन्दा बढी कर्मचारी छन्। कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था छ।

योगदानमा वा गैर-योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन्।

सोही व्यवस्था अनुसार दुवै लघुवित्त वित्तीय संस्था कोषको उपदान योजनामा आवद्ध भएका हुन्। यसअघि पनि कोषसँग नेशनल लघुवित्त वित्तीय संस्था आवद्ध भएको थियो।

कोषले २०५५ सालदेखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत भएपछि भुक्तानी गर्ने गरेको छ। यस योजनामा योगदानमा आधारित र गैर-योगदनामा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ। हाल कोषको यो योजनामा १ हजार १५० संगठित संस्था र त्यस्ता संस्थामा कार्यरत करिब ३३ हजार कर्मचारी सहभागी छन्।

योजनामा व्यक्तिगत सहभागिता जनाउने कर्मचारीहरूले आवास कर्जा सुविधा, घर मर्मत, पुनर्संरचना, पुनर्तालिकीकरण र घर सजावटका लागि कर्जा सुविधा पाउनेछन्।

त्यसैगरी सहभागीहरूले आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि सरल कर्जा सुविधा पाउने व्यवस्था समेत रहेको कोषले जनाएको छ।

# ग्लोकल टीन हिरोका २० युवा सार्वजनिक

काठमाडौं (संवाददाता) - 'ग्लोकल टीन हिरो २०२५' को आयोजक ग्लोकल प्रालिले यस वर्षका लागि २० वर्ष मुनि उमेर समूहका २० युवाको सूची सार्वजनिक गरेको छ। नेपालभरका युवाहरूको असाधारण प्रतिभा, दूरदृष्टि र नेतृत्व क्षमता प्रदर्शन गर्नेहरूको नाम र फोटोसहितको सूची सार्वजनिक गरेको हो।

गोल्छा ग्रुपको प्रस्तुतीमा ग्लोकल टिन हिरोको ११औँ संस्करण यस वर्ष सेप्टेम्बर १ मा आयोजना हुनेछ। सम्मेलनमा उनीहरूलाई पुरस्कार तथा सम्मान गरिने छ। सोही दिन, गोल्छा ग्रुप अन्तर्गतको ग्लोकल टिन हिरोको नाम पनि घोषणा गरिनेछ।


ग्लोकल टीन हिरो २०२५ को ११औँ संस्करणका लागि आवेदनहरू १३ देखि १९ वर्ष उमेर समूहबाट




प्राप्त भएका ७८६ आवेदनहरूको समीक्षा निर्णायक समितिले गरेको हो। समितिले प्रत्येक आवेदकको समाजमा प्रभाव र उत्कृष्ट उपलब्धिको मूल्यांकन गरेको थियो।

यस वर्षका सम्मानित व्यक्तिहरूलाई उनीहरूको विभिन्न क्षेत्रहरूमा गरेका कामहरूको लागि मान्यता दिइएको छ। जसमा प्रविधि, सामाजिक सक्रियता, उद्यमशीलता, वातावरणवाद, कला, र स्वास्थ्य क्षेत्र समावेश छन्।

# पाँच वर्ष छुटेकामा मलाई पछुतो छ



*अहिले जीटीभी इन्डियाको फ्रेन्चाइजी 'सारेगामापा-लिटिल च्याम्प्स'मा ग्रान्ड जुरी (निर्णायक)मध्ये एक भविन ढुंगाना कुनै समय रियालिटी शो 'नेपाली तारा'बाटै उदाएका थिए। उनीसँग नेपाली रियालिटी शो, तिनमा उनको भूमिका र उनको गायनमाथि रहेर गरिएको कुराकानीः*

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

म 'सारेगामापा-लिटिल च्याम्प्स'मा ग्रान्ड जुरीको भूमिकामा छु। यो गएको तीन महिनायता प्रसारण भइरहेको छ। अहिले उत्कृष्ट १० जना साना भाइबहिनीहरूलाई छानिसकेका छौँ। अब अझै तीन महिनासम्म म यतै व्यस्त हुन्छु।

**तपाईं 'नेपाली तारा' जस्तो रियालिटी शोबाट उदाउनु भयो। अहिले घुमिफिरी रियालिटी शोमा पुग्नु भयो, है ?**

अँ, नेपाली तारामा चर्चा कमाएँ। केही दाम पनि पाएँ। दर्शकहरूको व्यापक मायाँ पनि बटुलेँ। देशका विभिन्न स्थानमा भ्रमण पनि गरियो।

**तर फेरि अचानक हराउनुभयो नि ?**

जुन बेला मेरो चर्चा हुँदै थियो, ठीक त्यही बेला मैले भारतको दिल्ली विश्वविद्यालयमा संगीत अध्ययन गर्ने स्कलरशिप पाएँ। संगीत क्षेत्रमा नै संघर्ष गर्नुपर्ने बेलामा म उच्च अध्ययनका लागि दिल्ली गएँ। त्यो बेला मेरो भविष्य गायनमा नै छ, मैले गाउने कुरामा नै संघर्ष गर्नुपर्छ भन्ने महसूस गरिनँ। अध्ययनलाई नै प्राथमिकता दिएँ। पाँच वर्ष दिल्ली विश्वविद्यालयमा म यसरी गहिरिएँ कि मैले नेपालमा स्थान बनाउने कुरा नै बिर्सिएँ।

**त्यसमा पछुतो छ ?**


एक हिसाबले पछुतो पनि छ किनभने पाँच वर्षपछि नेपाल आएर मैले गायनमा संघर्ष गर्दा लोकप्रियताको त्यो क्षण गुमिसकेको थियो।

**तर त्यहाँको अध्ययन अहिले काम लागिरहेको छ नि, हैन ?**

नेपाल फर्किएपछि दिल्ली विश्वविद्यालयको संगीतमा स्नातकोत्तर गरेको काम लाग्यो। मैले नेपाल ललितकला क्याम्पसमा संगीतमा प्राध्यापन गर्ने अवसर पाएँ। अग्रजहरूलाई पनि संगीत सिकाउन पाउँदा खुशी छु।

**तपाईंले संगीत सिकाएका अग्रज को थिए ?**

प्राश्ना शाक्य, मिलन नेवारदेखि लिएर कयौं लोकप्रिय गायक गायिकाहरू हुनुहुन्छ।





**लोकप्रियताको चुलीपछि पनि किन उहाँहरू सिक्न आउनुभयो त ?**

सबै लोकप्रिय गायक गायिकामा भने एउटा कमी महसूस हुन्छ नै! त्यसले उहाँहरूलाई अझै गहिरो गरी औपचारिक शिक्षा लिन पाए हुन्थ्यो भन्ने लाग्छ। अलिअलि सिकेको गायकगायिकाहरूमा बरु खत्रा आत्मविश्वास हुन्छ। सुर लाग्दैन कि भन्ने हुँदैन। त्यसैले एक पटक लोकप्रिय भइसकेका गायकगायिकाहरू आफूलाई निखार्न र सिकेका कुरालाई औपचारिकता पूरा गर्न पढ्न आउनु भएको देखेको छु।

**गायकका रुपमा म ओझेलमा परेँ भन्ने लाग्दैन ?**

तपाईंले भन्नु भएको ठीक हो। म गायक बन्न नै संखुवासभाबाट आएको थिएँ। यहाँ आएपछि 'नेपाली तारा'मा भाग लिएँ र अचानक मलाई चर्चामा ल्याइदियो। म गायक नै हुँ तर मेरो परिचय अन्य कुराले कहीँकतै छेकियोजस्तो लागिरहन्छ।

**तापनि तपाईं रियालिटी शोमा फेरि जोडिनु भयो नि ? त्यसले तपाईंलाई दर्शकसँग जोड्न सहयोग गर्‍यो होला नि ?**

म दिल्लीबाट पढेर आइसकेपछि मैले नेपालमा पढाउन थालेँ। कसैले 'द भ्वाइस अफ नेपाल' शोमा सिफारिश गर्‍यो। यो ठूलो अवसर थियो। म त निर्णायकहरूलाई पनि सुझाव दिनेमा परेँ। यसपछि त प्रायः सबैजसो ठूला रियालिटी शोहरूमा म संलग्न हुन थालेँ। यस पटक पनि 'सारेगामापा लिटिल च्याम्प्स'सँग जोडिएँ।

**पहिलेका शोमा पृष्ठभूमिमा काम गर्नुभयो, अहिले त ग्रान्ड जुरी नै हुनुभयो। कस्तो लागिरहेको छ ?**

पहिलेका शोहरूमा शोका संगीत निर्देशकजस्तो भारीभरकम पद पाएँ। ठूलो नाम र काम भए पनि दर्शक-श्रोताहरूसँग यसमा प्रत्यक्ष जोडिन पाइनँ। त्यसैले दर्शकसँग जोडिनका लागि ग्रान्ड जुरीको भूमिका स्वीकार गरेँ। मलाई आनन्द लागिरहेको छ।

**तपाईं मूलतः गायक भए पनि गीतहरू त्यति देखिदैनन्, सुनिदैनन् नि ?**

अँ, तपाईंले भनेजस्तो म वास्तवमा गायक नै हुँ तर भूमिकाका हिसाबले अरु कुराहरूमा व्यस्त भएँ। हेर्दा संगीत क्षेत्रमा नै छु। संगीत सिकाइरहेको छु, संगीत पढाइरहेको छु। तर गायकको परिचय भने ओझेलमा परेको महसूस हुन थालेपछि अहिले गजल निकाल्ने तयारीमा छु। हुन त यसअघि पनि एउटा गजल बजारमा आइसकेको छ र त्यसले गजलप्रतिको मोह झन्झन् बढाइरहेको छ।

**तपाईंको पहिलो एल्बम 'होराइजन' निस्केको पनि निकै समय भइसक्यो नि ?**

हो नि, यो एल्बम निस्केको पनि १० वर्ष भइसक्यो। शायद यसरी क्यासेट एल्बम निकाल्ने अन्तिम पुस्ताहरूमा म पनि परेँ होला। अब त क्यासेट चक्का वा अडियो सिडी निकाल्नु शोखको विषयमा परिणत भएको छ। सिंगल निकाल्ने चलन व्यापक छ। मैले पनि त्यसैलाई पछ्याउने प्रयास गरिरहेको छु।

**तपाईंको गायन करियर लामो भए पनि धेरै गीत किन ननिस्किएको होला ?**

अहिलेसम्म मैले आफ्नो एल्बमबाहेक २५/३० वर्ष गीत गाएँ होला। बर्सेनि एल्बम निकाल्ने जमाना गइसक्यो। त्यसैले एकादुई गीत रेकर्ड गर्ने र युट्युबमार्फत सार्वजनिक गर्ने चलन बढ्दो छ। म यस्तो ट्रेन्ड पछ्याउनेमा निकै ढिला छु। दीप श्रेष्ठ दाजुले मलाई गाली गर्नुहुन्छ। उहाँको सुझाव छ- हामीले सुगम संगीतलाई लोकप्रिय बनाउन भूमिका खेलेनौं भने आउँदो पुस्तालाई यो विधा बचाउन गाह्रो हुन्छ। उहाँको कुरा मैले गम्भीरतापूर्वक लिएको छु।

**हरेक पटक सुगम संगीत हरायो भनिन्छ तर यसले नयाँ नयाँ प्लेटफर्ममा यसले आफूलाई पुनः ब्यूँताइरहेको देखिन्छ। कारण के होला ?**

तपाईंले भन्नु भएको ठीक हो। सदाबहार गीत-संगीतलाई अहिले रियालिटी शोहरूले पुनः लोकप्रिय बनाउन ठूलो भूमिका खेलिरहेका छन्। यो देख्दा चाहिँ मलाई पनि रमाइलो लाग्छ। शोहरूमा संसारभरका नेपालीले भाग लिइरहेका छन्। खासगरी भारतबाट भाग लिन आउनेको संख्या लोभलाग्दो छ। उहाँहरूले पुराना गीतलाई दशर्कस्रोतामाझ ल्याइरहनु भएको देख्दा निकै आनन्द लाग्छ।

**२० वर्षअघि 'नेपाली तारा'मा भाग लिने पुस्ता र अहिलेको रियालिटी शोमा भाग लिने पुस्ताहरूलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

अहिलेका बाबुनानीहरू ज्यादै प्रतिभाशाली छन्। प्रविधिमैत्री छन्। उनीहरूसँग हामीले प्रतिस्पर्धा गर्नु धौधौ हुन्छ। उनीहरूको स्वर पनि ज्यादै मीठो छ। त्यसैले उनीहरू हाम्रो पुस्ताभन्दा निकै प्रतिभाशाली छन् जस्तो लाग्छ। राति अबेरसम्म पनि कार्यक्रमका लागि उनीहरूको उत्साह देख्दा अचम्मै उनीहरूको प्रतिबद्धताप्रति म त नतमस्तक नै छु।

**चीनमा बालबालिकालाई यस्ता प्रतिस्पर्धामा भाग लिन बन्देज छ। हामीले चाहिँ कलिलो मानसिकतामा सफल हुनैपर्छ भन्ने सिकाइरहेका त छैनौं ?**

रियालिटी शोमा हामीले उनीहरूलाई राम्रो गाउने कुरामा जोड दिन्छौं। अब प्रतिस्पर्धा भएकाले त उनीहरूलाई पनि जित्न मन लाग्छ नै तर हामीले धेरै काउन्सिलिङ गर्छौं। कहिलेकाहीँ चाहिँ अभिभावकले समेत कुरा नबुझ्ने हुनाले अप्ठेरो पर्छ।


## पाठ्यक्रम विकास केन्द्रले सच्यायो गल्ती

चर्चित गीतकार राजेन्द्र थापाद्वारा रचित गीत 'यसपालि त मनै फाट्यो केले सिउने केले टाल्ने'लाई नेपालको पाठ्यक्रम विकास केन्द्रले संगीतकार अम्बर गुरुङद्वारा रचित भनी पुस्तक छापेपछि उत्पन्न विवाद सल्टिएको छ।

केन्द्रले साउन २८ गते एक विज्ञप्ति जारी गर्दै सो गल्ती सच्याइएको बताएको छ। पाठ्यक्रम अधिकृत कुमार घिमिरेद्वारा हस्ताक्षरित विज्ञप्तिमा कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा तथ्यमा भएको गल्ती सच्याइएको बताइएको छ।

विज्ञप्तिमा भनिएको छ, 'यस केन्द्रबाट २०७९ सालमा तयार गरी कार्यान्वयनमा रहेको कक्षा ९ को अनिवार्य नेपाली विषयको पाठ्यपुस्तकको पाठ ५, पृष्ठ ५४ को बोध र अभिव्यक्ति खण्डको अभ्यास १३ मा रहेको 'यसपालि त मनै फाट्यो...' गीतको रचनाकार अम्बर गुरुङ भनी उल्लेख भएकामा सोको आधिकारिकता खोजी गर्दा उक्त गीतको रचना राजेन्द्र थापाले गर्नुभएको पुष्टि भएकाले पाठ्यपुस्तकमा सोही बमोजिम सच्याइएको हुँदा सम्बन्धित शिक्षण संस्थाहरूले अद्यावधिक तथ्यअनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।' विज्ञप्तिमा कसरी गल्ती भयो, यसमा सहभागीहरूलाई यसबारे के सचेत गराइयो भन्नेबारे कुनै टिप्पणी गरिएको छैन।

## नेपालमा पनि सुलेखन दिवस




बुधबार संसारभर वर्ल्ड क्यालिग्राफी डे मनाइयो। नेपालमा पनि यसलाई विश्व 'सुलेखन दिवस'का रुपमा मनाइन्छ।

हरेक वर्ष अगस्त महिनाको दोस्रो बुधबार मनाइने सुलेखन दिवस हस्तलिखित अक्षरहरूको महत्व बुझाउन मनाइने गरेको हो। पछिल्लो समय हस्तलेखन शैली र शिल्प हराउँदै जान थालेको छ। मान्छेलाई सभ्य बनाउन हस्तलेखनले ठूलो भूमिका खेलेको कुरालाई स्मरण गराउन यो दिवस मनाइन थालेको हो।

बेलायतको बिर्मिङ्घमस्थित कलम संग्रहालय र मेनुस्क्रिप्ट पेन कम्पनीले संयुक्त रुपमा हस्तलेखन कलालाई स्मरणीय बनाउने उद्देश्यले सन् २०१७ देखि शुरु गरेका थिए। डिजिटल युगमा सबै कुरा टाइप हुने भए पनि हस्तलेखन र क्यालिग्राफी कला हराउन नदिने यसको उद्देश्य थियो। शुरुमा वर्कशप गराउने, प्रदर्शनी गर्ने र प्रत्यक्ष डेमोको आयोजना पनि गरिन्थ्यो। त्यहाँ सुलेखनमा प्रसिद्धि पाएका व्यक्तिहरू भेला हुने र अरुलाई सुलेखन सिकाउने गरिन्थ्यो। पछि मेनुस्क्रिप्ट पेन कम्पनीले यस अभियानलाई अन्तर्राष्ट्रिय बनाउने अभियान चलायो। उसले अनलाइन क्यालिग्राफी प्रतियोगिता गर्न थाल्यो। हस्तलिखित सन्देश पठाउने कुरालाई प्रोत्साहन दिन 'केही विशेष भन...' अभियान चलाइयो। सामाजिक सञ्जालमा ह्यासट्यागमार्फत कला बाँड्ने संस्कारमा जोड दिइयो।

यो दिवसको पहिलो वर्ष सन् २०१७ मा बिर्मिङ्घम बाल अस्पतालमा बिरामी बालबालिकाहरूलाई खुशी पार्न क्यालिग्राफी सन्देश दिएर खुशी बनाइयो। पहिलो दिवशमै ३० भन्दा बढी देशका कलाकार तथा विद्यार्थीहरूले अनलाइनमार्फत भाग लिए भने सामाजिक सञ्जालमा हजारौं पोस्टहरू लेखिए। यसले विश्व सुलेखन दिवसलाई अन्तर्राष्ट्रिय रुपमा फैलाउन सहयोग गर्‍यो।



संस्कृति र आधुनिकताको सुन्दर संयोजन गर्दै पोखराकी कलाकार कृपा श्रेष्ठ। गुरुङ संस्कृतिको पहिरनमा सजिएकी एक आधुनिक युवतीलाई क्यानभासमा देखिन्छ। जमुना वर्षा शर्मा / *रासस*

हार्दिक बधाई तथा शुभकामना

नेपाल न्युज पब्लिकेशन्स् प्रा.लि. ले
दैनिक पत्रिका
news24 दैनिक
प्रकाशन प्रारम्भ गरेकोमा पत्रिकाको
उत्तरोत्तर प्रगति र पूर्ण सफलताको
हार्दिक बधाई तथा शुभकामना
व्यक्त गर्दछौं।

Semanta Raj Neupane
Chairman

Pashupati
HR Solution Pvt. Ltd.

P.O.Box: 8975, EPC 5516
Battisputali-9, Gaushala, Bijay Chowk
Kathmandu, Nepal
Tel: 977-1-4110300, 4110479
E-mail: pashupatihr17@gmail.com
www.pashupatihr.com.np

नेपाल न्यूज पब्लिकेशन्स् प्रा.लि. द्वारा प्रकाशित, बालुवाटार, काठमाडौं, फोन नं. : ०१-४५००७७७, इमेलः news@news24dainik.com, अध्यक्षः अनिल जोशी, प्रबन्ध निर्देशकः अदिश जोशी, प्रधान सम्पादकः तीर्थ कोइराला